मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.



**सूचना**

लोक सेवा आयोगको अग्रगामी सोच
परीक्षण प्रविधिको प्रयोगबाट
योग्यतम् व्यक्तिको छनौट ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



◆ वर्ष : २४ ◆ अङ्क : ३४२ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ कात्तिक २१ गते बिहीवार (Thursday, November 7. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-


# भारतको नक्सा 'अमान्य', देशभर बिरोध

**झापा, कात्तिक २०।** नेपाली भूमि भारतले आफ्नो नक्सामा समावेश गरेको भन्दै चौतर्फी विरोध शुरु भएको छ ।

नेपाली भूमि समावेश गर्दै भारतले नयाँ नक्सा निकाल्दा समेत सरकारले आधिकारिक रुपमा धारणा सार्वजानिक नगरको भन्दै विभिन्न राजनीतिक दलहरुले सरकारको विरोध गरेका छन् । त्यस्तै सामाजिक सञ्जालमा समेत सरकारको चर्को आलोचना भएको छ ।

यसैबीच प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले नयाँ दिल्लीले भर्खरै मात्र नेपालका भूभाग कालापानी र लिपुलेक भारतको नयाँ नक्सामा पारेको भन्ने समाचारप्रति ध्यानाकर्षण भएको जनाएको छ ।

कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले सामाजिक सञ्जालमार्फत यसबारेमा तत्काल धारणा सार्वजनिक गरी गम्भीर पहलकद्मी लिन सरकारसँग माग गरेका छन् । कालापानी र लिपुलेक नेपालका अभिन्न अङ्ग भएको उल्लेख गर्दै उनले नेपाली माटोका बारे कहीँबाट पनि उब्जिने प्रश्न आपत्तिजनक र अस्वीकार्य भएको बताए ।

यसैगरी कांग्रेसको भ्रातृ संस्था नेपाल तरुण दलले बुधबार एक विज्ञप्ति जारी गरी नेपालको माटो भारतले आफ्नो नक्सामा मिसाएको भन्ने विषय सार्वजनिक हुँदा समेत सरकार किन मौन भनी प्रश्न गरेको छ । अध्यक्ष जीतजङ्ग बस्नेतले विज्ञप्ति जारी गर्दै नेपाली जनताको चाहना बमोजिम उक्त भूभागबारे सरकारको आधिकारिक धारणा सार्वजनिक गर्न माग गर्दै नेपालको एकमुठी माटो पनि कसैले लगेमा तरुण दललाई मान्य नहुने उल्लेख गरे । कालापानी र लिपुलेक हाम्रा अभिन्न अङ्ग हुन्, भारतले सार्वजनिक गरेको नयाँ नक्सा सच्याउनका लागि सरकारले कूटनीतिक पहल तत्काल शुरु गरोस्- विज्ञप्तिमा उल्लेख छ ।

यस्तै नेपाली सीमा अतिक्रमण गरी भारतले जारी गरेको नक्साको विरोध गर्दै नेपाल मजदुर किसान पार्टीले बिरोध ऱ्याली प्रदर्शन गरेको छ । नेमकिपाले बुधबार भक्तपुरको कमलबिनायकबाट शुरु गरेको बिरोध ऱ्याली भक्तपुर नगर क्षेत्रको विभिन्न स्थान परिक्रमा गरी सूर्यविनायक चोकमा पुगेर विरोधसभामा परिणत भएको थियो ।

लामो समयदेखि नेपाली सीमाबारे विवाद जारी रहेको लिपुलेक, लिम्पियाधुरा र कालापानीलाई भारतले आफ्नो देशको नक्सामा राखेर जारी गरेको भन्दै यसको विरोध गरिएको हो । बिरोधसभामा बोल्दै नेमकिपाका सचिव एवम् प्रतिनिधिसभाका सांसद प्रेम सुवालले भारतले सीमा अतिक्रमण गरी जारी गरेको नक्साको बारेमा सरकारले तत्काल चासो दिएर अन्तर्राष्ट्रिय मञ्चलाई घच्घच्याउनुपर्ने बताए । उनले सत्तामा रहेका दल र ठूला राजनीतिक दलहरुले तत्काल भारतको विरोध गर्न नसक्दा भारतले सीमा अतिक्रमण गरेको विचार व्यक्त गरे ।

जम्मुकश्मीरमा भारतको हस्तक्षेपबारे नेपाली नेताले बोल्न नसक्दा र संयुक्त राष्ट्रसंघमा भएको सभामा नेपाली पक्षले सीमा विवादबारे विषय उठाउन नसक्दा अहिले भारतलाई नेपालको सीमा मिच्न बल पुगेको उनको आरोप छ । सांसद सुवालले नेपाली सीमा अतिक्रमण गरी भारतले जारी गरेको नक्सा नसच्याएसम्म नेमकिपाले सडक र सदनमा बिरोध जारी राख्ने चेतावनी दिए ।

यता नेपाल कम्युनिष्ट पार्टीले भारतीय अतिक्रमण


*(बाँकी अन्तिम पृष्ठमा)*



## मन्टेश्वरी तालिममा भर्ना खुल्यो

- मन्टेश्वरी तालिम लिन इच्छुक महानुभावहरुको लागि भर्ना खुलेको जानकारी गराउँदछौं ।
- यही मिति २०७६ कात्तिक १७ गतेदेखि १ हप्ते, दुई हप्ते, एक महिने तथा ३ महिने कोर्षहरुमा मन्टेश्वरी तालिममा भर्ना खुलेको जानकारी गराउँदछौं ।

*नोटः यस स्कूलमा कक्षा PGमा नयाँ भर्ना खुलेको समेत जानकारी गराउँदछौं ।*

सम्पर्कः **वेष्ट फ्युचर मन्टेश्वरी स्कूल एण्ड ट्रेनिङ्ग सेन्टर**, बिर्तामोड, झापा

फोन नं. ०२३-५४२६४७, ९८४९२५९७२९, ९८४१८९७४४७



नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को सम्पूर्ण पार्ट्सहरु १०% छुट गरिएको छ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**

पानीटंकीको पहिलो गल्ली दायाँ साइड

सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)


## बिर्तामोडका व्यवसायी आन्दोलित



**बिर्तामोड, कात्तिक २०।** बिर्तामोड-भद्रपुर सडकखण्ड निर्माणमा निर्माण व्यवसायीले ढिलासुस्ती गरेको भन्दै बिर्तामोडका व्यवसायी आन्दोलित भएका छन् ।

बिर्तामोड-भद्रपुर सडकखण्ड अन्तरगत चार किलोमिटर सडक निर्माणका ठेकेदार कम्पनीले चरम लापरवाही गर्दा आफूहरुको व्यवसाय चौपट्ट भएको र धुलो, धुँवा प्रदूषण, खाल्डाखुल्डीका कारण आवतजावतमा समस्या भएको भन्दै उनीहरुले चक्काजाम गरेर बिरोध जनाएका हुन् ।

आशीष प्रेरा जेभी काठमाडौंले २७ करोड रुपैयाँमा सडक निर्माणको ठेक्का लिई २०७६ पुस मसान्तसम्ममा निर्माण सम्पन्न गर्ने गरी सडकको निर्माण कार्य शुरु गरेको थियो । तर, निर्माण कम्पनीले समयमा सडक निर्माण नगर्दा निर्माणाधीन सडकको नालामा डुवेर यस अघि बिर्तामोड नगरपालिका-१०की करिब ६७ वर्षीया सुमित्रा राईले ज्यान समेत गुमाएको भन्दै व्यवसायीले विरोध स्वरुप एक घण्टा बिर्तामोड-भद्रपुर सडकखण्ड ठप्प पार्दै तत्काल सडक निर्माण कार्य सुचारु गर्न आग्रह गरे ।

आन्दोलनको नेतृत्व विर्तामोड उद्योग वाणिज्य संघले गरेको छ । बिर्तामोडका उद्योगी व्यवसायी सहित नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य उमेश डालमियाले निर्माणाधीन सडक गुणस्तरीय नभएको र निर्माणमा समेत लापरवाही गरेको बताए । उनले तत्काल सडक निर्माणलाई सुचारु गर्न आग्रह समेत गरेका छन् ।

त्यस्तै उद्योग वाणिज्य महासंघका प्रदेश नम्वर १का सदस्य बलराम कार्कीले स्थानीय सरकारको कमजोरीका कारण समयमा सडक निर्माण हुन नसकेको आरोप लगाए । उनले ठेकेदारले गल्ती गरे पनि स्थानीय सरकार,


*(बाँकी अन्तिम पृष्ठमा)*



## पायल्स तथा फिस्टुला समस्याको सफल उपचार !

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा **कात्तिक २४ गते आइतबारका** दिन पायल्स, फिस्टुला, फिसर, दिसाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासू पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ ।

**माता मनकामना आयुर्वेद क्लिनिक**

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर, बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)



## सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरूको सेवा

**डा. सीपी यादव**
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा

**डा. दीपक पौडेल**
वरिष्ठ नवजात शिशु तथा बाल रोग विशेषज्ञ

**दैनिक सेवाहरुः**
- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स-रे सेवा

नोटः ओपीडी सेवा, विहान ९ बजेदेखि ५ बजेसम्म ।
२४ सै घण्टा इमरजेन्सी तथा ICU सेवा

**सञ्जीवनी अस्पताल प्रालि**

बिर्तामोड-१, झापा (०२३-५४४२६०)


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र
**कृषि विकास फार्म**
चन्द्रडाँगी, झापा

प्रथमपटक प्रकाशित मितिः२०७६/०७/२०

## सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

यस कृषि विकास फार्मबाट सञ्चालन हुने सिञ्चित क्षेत्र धान प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया २०७६मा काम गर्ने गरी देहायका पदमा सेवा करारमा नियुक्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमका योग्यता पुगेका नेपाली नागरिकहरुबाट निवेदन दिइ यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | पद/तह | पद संख्या | परीक्षाको किसिम | न्यूनतम शैक्षिक योग्यता | उमेरको हद(दरखास्त दिने अन्तिम मितिसम्ममा) |
|---|---|---|---|---|---|
| १. | कृषि विज्ञ | १ | अन्तरवार्ता | - वाली विज्ञान वा वाली प्रजनन् विषयमा स्नातकोत्तर गरेको, वा कृषि विज्ञानमा स्नातकोत्तर गरी वाली विज्ञानको क्षेत्रमा कम्तीमा ५ वर्षको अनुभव भएको ।<br>- धानको मूल्य श्रृखंला सम्बन्धमा प्राविधिक ज्ञान भएको ।<br>- कम्प्युटर सम्बन्धी जानकारी/skill भएको । | १८ वर्ष पूरा भइ ५० वर्ष ननाघेको । |
| २. | यान्त्रिकरण विज्ञ | १ | अन्तरवार्ता | - कृषि इञ्जिनियरिङ विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा ५ वर्षको अनुभव भएको ।<br>-कम्प्युटर सम्बन्धी जानकारी/skill भएको । | १८ वर्ष पूरा भइ ५० वर्ष ननाघेको । |
| ३. | कृषियन्त्रको मर्मतको लागि प्राविधिक | १ | अन्तरवार्ता | - मेकानिकल इञ्जनियरिङमा कम्तिमा प्र.प्र.तह वा सो सरहको योग्यता भएको वा कृषि इञ्जिनियरिङमा स्नातक तह अध्ययन गरि कम्तीमा १ वर्षको अनुभव भएको । | १८ वर्ष पूरा भइ ५० वर्ष ननाघेको । |

१. **शर्तहरुः** - अन्य कुनै संघ संस्थामा रोजगार नभएको र भएमा उक्त रोजगारी परित्याग गर्न तयार भएको ।
   - कार्यालयबाट उपलब्ध गराइने मासिक पारिश्रमिक वापतको रकममा काम गर्न इच्छुक ।
२. **दरखास्त दिने स्थानः** कृषि विकास फार्म, शिवसताक्षी न.पा.- ०७
३. **दरखास्त दिने अन्तिम मितिः** यो सूचना प्रकाशन भएको मितिले १५ दिन । अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्टसम्म ।
४. कार्यजिम्मेवारी (TOR)को जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।
५. **दरखास्त निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः** नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्र, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, उम्मेदवार स्वयम्ले प्रतिलिपि प्रमाणित गरी पेश गर्नुपर्नेछ ।
६. **अन्तरवार्ताको मितिः** सूचनाको म्याद सकिएको भोलिपल्ट सम्पर्क गर्नहुन ।
७. यस विषयमा कुनै द्विविधा उत्पन्न भएमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ ।
८. थप जानकारीका लागि कार्यालयमा सम्पर्क गर्न हुन । सम्पर्क नं. ९८५२६५५८७०

**वरिष्ठ वाली विकास अधिकृत**


## फ्ल्याट भाडामा

बिर्तामोडस्थित भद्रपुर रोड माछापुछे बैंक भएको घरको 1200 Sqft. क्षेत्रफल भएको तेस्रो तला कन्सल्टेन्सी, इन्स्योरेन्स या वित्तीय संस्थाको लागि उपयुक्त फ्ल्याट भाडामा छ ।

सम्पर्कः ०२३-५४३२४८, ९८०४९९९६९५



## घर बिक्रीमा

बिर्तामोड नगरपालिका-४, भद्रपुर बस स्टेण्ड छेउमा रहेको अढाई तले घर विक्रीमा रहेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

**सम्पर्कः ९८१४०३८३४३**







गृष्मा बोर्ड कास्ट्रिङ प्रालिले बिर्तामोडमा आयोजना गरेको सप्तरंग सिरिज २मा सहभागी प्रदेश नं. १का मुख्यमन्त्री शेरधन राई, महानायक राजेश हमालसहितका अतिथिहरु पर्यटन प्रबर्द्धन गर्ने मुख्य उद्देश्यले आयोजना गरिएको कार्यक्रममा टीभीएस टु ह्वीलरको आधिकारिक विक्रेता जगदम्बा मोटर्सको संयोजनमा सप्तरंग सिरिज २ भएको कार्यक्रममा सुगम पोखरेल, हिमाल सागर, जितु नेपाल, मेलिना राई, प्रकाश सपुत, रवि ओड लगायतका कलाकारले सांगीतिक प्रस्तुति दिएका थिए। **तस्वीरः पूर्वाञ्चल**

समेत बताएका छन् ।

निर्माण व्यवसायीलाई सात दिनभित्र स्थानीय सरकार, प्रदेश सरकार र सडक विभागले सडक निर्माणका लागि सडकमा उभ्याउन नसके व्यवसायीहरु जस्तोसुकै आन्दोलन गर्नपछि नहट्ने अध्यक्ष भट्टराईले चेतावनी दिए ।

यता अर्का व्यवसायी तथा बिर्तामोड उद्योग वाणिज्य संघका उपाध्यक्ष राजु न्यौपानेले लामो समयदेखि बाटो निर्माणमा लापरवाही गर्दा समेत स्थानीय सरकार मौन बसेको भन्दै आक्रोश व्यक्त गरे । उनले यस क्षेत्रका उद्योगी व्यवसायी गम्भीर पीडामा जीवनयापन गर्न बाध्य भएको भन्दै स्थानीय सरकार र सडक विभागलाई सडक निर्माण कार्य तत्काल सुचारु गर्न आग्रह गरे । सडक नबन्नुको मुख्य दोषी स्थानीय सरकार र ठेकेदार मात्र नभएर सडक विभाग समेत रहेको भन्दै उनले सडक निर्माणलाई तत्काल सुचारु गर्न आग्रह गरे ।

त्यस्तै बिर्तामोड उद्योग वाणिज्य संघका महासचिव भेषराज भण्डारी प्रशान्तले सडक निर्माण कार्यलाई सुचारु गर्दै व्यवसायीको विषयमा गम्भीर बन्न स्थानीय सरकारलाई आग्रह गरेका छन् । उनले सडक निर्माणमा ढिलासुस्ती गर्ने निर्माण कम्पनीलाई कानूनको दायरामा ल्याउनुपर्ने माग गरेका छन् ।

त्यस्तै व्यवसायी किरण श्रेष्ठले सडक नबन्नुमा मुख्य दोषी बर्तमान सरकार रहेको आरोप लगाएका छन् । दुई तिहाईको सरकारले जस्तोसुकै निर्णय गर्न सक्ने भन्दै सडक निर्माणमा ढिलासुस्ती गर्ने कम्पनीलाई कारवाही किन गर्न नसकेको भन्दै प्रतिप्रश्न गरे ।

बिरोध कार्यक्रममा बिर्तामोड खानेपानी तथा सरसफाई समितिका अध्यक्ष जलकुमार गुरुङ, राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष मदन गोपाल सुब्बा, बिर्तामोड वडा नम्बर ४का अध्यक्ष कुलप्रसाद संग्रौला, रञ्जु प्याकुरेल लगायतले बोलेका थिए ।

बिर्तामोडदेखि सदरमुकाम चन्द्रगढी जोडिने सडकको लम्बाइ जम्मा अढाई किलोमिटर हो । यो सडकखण्डलाई चार लेनको बनाउने गरी काम शुरु भएको थियो । सम्झौता अनुसार सडक निर्माणको काम पुस मसान्तभित्रै सम्पन्न गर्नुपर्ने भए पनि अहिलेसम्म सडक किनाराको दायाँबायाँ नाला बनाउने कार्य पनि पूरा हुन सकेको छैन ।

सडक डिभिजन कार्यालय झापाले १८ महिनाभित्र बिर्तामोड-भद्रपुर सडकको चार किलोमिटर खण्ड निर्माण पूरा गर्ने गरी आशिष प्रेरा जेभीसँग गतवर्ष २४ असारमा ठेक्का सम्झौता गरेको थियो ।

सम्झौता अनुसार बिर्तामोड बजार क्षेत्रको अढाई किलोमिटर सडक चार लेनको र बाँकी डेढ किलोमिटर दुई लेनको बनाउनुपर्ने छ। तर, काम अत्यन्तै सुस्त छ। स्मार्ट सिटीको अवधारणा अनुसार बिर्तामोड-भद्रपुर रोडको बजार क्षेत्रभित्रका सडक चार लेनको बनाउन लागिएको हो । तर, सम्झौता अवधि सकिन लाग्दा पनि काम गराइको गति अत्यन्तै सुस्त छ ।

यसैबीच बुधवार एक घण्टा चक्का जाम गरेको बिर्तामोड उद्योग वाणिज्य संघले सडक निर्माणमा चासो दिन माग गर्दै सडक डिभिजन कार्यालय दमक, जिल्ला समन्वय समिति झापा, बिर्तामोड नगरपालिका र बिर्तामोड-४को कार्यालयमा ज्ञापन पत्र बुझाएको छ ।

# आर्मी सेमीफाइनलमा



**झापा, कात्तिक २०।** भारतको पाहुना टोली मोलवे एफसी आसामलाई पहिलो चरणमै पराजित गर्दै त्रिभुवन आर्मी क्लब यहाँ जारी अन्नपूर्ण हाम्रो पूर्वाञ्चल गोल्डकपको सेमीफाइनलमा प्रवेश गरेको छ ।

बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा बुधबार भएको तेस्रो क्वाटरफाइनलमा २-० गोलले पराजित गर्दै आर्मीले अन्तिम चारमा स्थान सुरक्षित गरेको हो ।

आर्मीका लागि टेकबहादुर बुढाथोकी र दिपक गुरुङले गोल गरेका हुन् । खेलको म्यान अफ द म्याच खेलको पहिलो गोलकर्ता आर्मीका टेकबहादुर बुढाथोकी घोषित भए । पुरस्कार सौजन्यकर्ता समाजसेवी श्याम गुरुङले नगद १० हजार प्रदान गरे । १० वटा टिम सहभागी गोल्डकपमा बिहीबार चर्च ब्वाइज एफसी काठमाडौंविरुद्ध गोर्खा ब्वाइज एफसी बुटबलबीच हुनेछ ।

## बिर्तामोडका ...

जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कुनै पनि निकायले चासो नदिँदा सडक निर्माणमा ढिलाई भएको आरोप लगाए ।

बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईले वैंकको चर्को व्याजदरमा महंगो घरभाडा तिरेर व्यापार-व्यवसाय सञ्चालन गरिरहेका व्यवसायी सडकको अवस्थाका कारण पलायन हुनपर्ने अवस्थाको सृजना भएको बताए । उनले सडककै कारण व्यवसायीहरु फोक्सोको समस्याले ग्रसित भएको

## भारतको ...

बिरुद्ध संघर्षको घोषणा गरेको छ । नेकपाका महासचिव विप्लवले बुधबार विज्ञप्ति जारी गरी भारतले आफ्नो देशको नक्सामा नेपालको कालापानी, लिपुलेक र लिम्पियाधुरासहितको भू-भागलाई भारतमा गाभेको विषयप्रति गम्भीर आपत्ति जनाउँदै भारतको सो कदम नेपालमाथिको अतिक्रमणकारी रवैया र हमला भन्दै एकहप्ते बृहत् संघर्षका कार्यक्रम घोषणा गरेका छन् ।

संघर्षका कार्यक्रममा भारतीय दूतावासमा ज्ञापनपत्र बुझाउनेदेखि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पुत्ला जलाउनेसम्मका कार्यक्रम घोषणा गरिएको छ । विज्ञप्तिमा आगामी कात्तिक २१ गते मसाल जुलुश, २२ गते कोणसभा, २३ गते भारतीय दूतावासमा ज्ञापनपत्र बुझाउने, २४ गते अतिक्रमित भारतीय नक्सा जलाउने, २५ गते विरोध प्रदर्शन गर्ने, २६ गते भारतीय प्रधानमन्त्रीको पुत्ला दहन गर्ने र २७ गते संयुक्त राष्ट्रसंघको नेपालस्थित कार्यालयमा विरोध-पत्र दिने उल्लेख छ ।

विज्ञप्तिमा भनिएको छ- 'यो भारतको साम्राज्यवादी, अतिक्रमणकारी रवैया नेपालमाथिको हमला हो । नेपालको स्वाधीनता, स्वतन्त्रता, सार्वभौमिकताको ठाडो र नाङ्गो हस्तक्षेप हो । यो भारतको अन्तर्राष्ट्रिय पञ्चशीलको सिद्धान्तको अपहरण पनि हो । हाम्रो पार्टी भारतीय साम्राज्यवादी अतिक्रमणको आपत्ति, विरोध र भर्त्सना गर्दछ ।' महासचिव विप्लवले भारतलाई तत्काल उक्त साम्राज्यवादी नक्सा खारेज गर्न चेतावनी समेत दिएका छन् ।

यसैबीच नेपाल सरकारले भारतीय नक्सामाथि प्रतिक्रिया दिएको छ । भारतको नयाँ राजनीति नक्सा आफूलाई मान्य नभएको प्रतिक्रिया नेपाल सरकारले दिएको हो । बुधवार परराष्ट्र मन्त्रालयले प्रेस विज्ञप्ति जारी गर्दै एकपक्षीय ढंगबाट गरेको यो निर्णय मान्य नहुने समेत प्रष्ट पारेको छ ।

दुई देशबीच सुल्झाउन बाँकी रहेका सीमा सम्बन्धी विषयहरू दुबै पक्षको आपसी सहमतिमा टुंग्याउनु पर्ने र एकपक्षीय ढंगबाट गरिने कुनैपनि निर्णय नेपाल सरकारलाई मान्य नहुने कुरा स्पष्ट छ- विज्ञप्तिमा भनिएको छ- कालापानी क्षेत्र नेपालको भूभाग हो भन्ने विषयमा नेपाल सरकार स्पष्ट छ ।


**कर्मचारी आवश्यकता**

पदः **कुक–** १ जना
म:म, चाउमिन, सेकुवा
साथै नेपाली खाना बनाउन जान्ने
तलबः आपसी समझदारीमा
**सम्पर्कः ९८१७०७६०४६**

**होटल तु-बिक्रीमा**

बिर्तामोडस्थित विएण्डसी हस्पिटल अगाडि, महेन्द्र राजमार्गसँग जोडिएको म:म हाउस एण्ड सेकुवा कर्नर तु-विक्रीमा छ ।
**सम्पर्कः ९८१४९९७८८७**

**VACANCY ANNOUNCEMENT**

**Purbanchal Cancer Hospital Pvt. Ltd.** situated in the Eastern Part of Nepal is compassionate provider of patient-centered Cancer health services with an emphasis on affordable specialty medical care, for its patients. It is dedicated to the seamless delivery of quality, patient-centric healthcare - which means supplying everything a patient may need, from acute critical care to rehabilitation to transitional care to home healthcare services-at an affordable cost.

The hospital is a 300-bed, state-of-the-art health care facility offering a wide range of radiation oncology, medical oncology, surgical oncology and diagnostic services. With latest in technology and a network of qualified physicians and staff, Purbanchal Cancer Hospital Pvt. Ltd. is the destination for the best cancer related healthcare services the country has to offer.

| S.N. | POSITIONS | QUALIFICATIONS | REQUIRED NO. |
|---|---|---|---|
| 1 | Assistant Account Manager | BBA/BBS with 4 years experience | 1 |
| 2. | Account Officer | BBA/BBS with 2 years of experience in Accountancy | 2 |
| 3. | Billing In charge | BBA/BBS with 1year experience | 1 |
| 4. | Billing Assistant | BBA/BBS | 9 |
| 5. | Procurement Assistant | Bachelor | 1 |
| 6. | Assistant Marketing Manager | MBA with 2years experience in Relevant field | 1 |
| 7. | Marketing Officer | BBA/BBS with 1year experience (Fresher can also apply) | 5 |
| 8. | Assistant HR manager | MBA in HR with 2 years experience in relevant field | 1 |
| 9. | HR Officer | BBA/BBS | 2 |
| 10. | Assistant Hospital Manager | MBA/HHM/MHA with 2years of experience in relevant field | 1 |
| 11. | Assistant Administrator | BBA/BBS/BA/Bcom | 3 |
| 12. | IT Engineer | B-tech(IT)/BE in IT | 1 |
| 13. | Store In charge | BBA/BBS/B.ed/BA with 2 years experience in hospital sector | 1 |
| 14. | Pharmacist | Diploma / Bachelors in Pharmacy | 2 |
| 15. | Health assistant | Diploma in general health | 2 |
| 16. | Bachelors in Nursing | B.Sc./BN | 10 |
| 17. | Staff Nurse PCL | PCL Nursing | 30 |

Note : Drop your CV in **hrpchbirtamode@gmail.com**, no phone calls will be entertained.

PURBANCHAL CANCER HOSPITAL
Birtamod, Jhapa
Email : **hrpchbirtamode@gmail.com**

**आवश्यकता ! आवश्यकता !! आवश्यकता !!!**

तपाईं कतै वेरोजगार भएर भौतारिरहनु भएको छ भने तुरुन्त हामीलाई सम्पर्क गर्नुहोस् । हामीकहाँ उपलब्ध रोजगारहरु, म्यानेजर, शिक्षक, एकाउन्टेन्ट, सेल्समेन, होटल लाइन, ड्राइभर, वाइक डेलिभरी, मेकानिक, हाउसमेड लगायत विभिन्न प्रकारका रोजगारका लागि हामीलाई सम्झनुहोस् ।
***साथै अनुभव नभएकाहरुलाई पनि विशेष व्यवस्था छ ।***

**लुम्बिनी जब लिंक बिर्तामोड**, अतिथि सदन उत्तर गेट अगाडि
*facebook page: lumbini job link, birtamode*
फोनः ०२३-५४५९६३, ९८०६०१२७६०, ९८०३८२१७८०

**महिला प्लम्बर नि:शुल्क तालिम सम्बन्धी सूचना**

खानेपानी तथा ढल निकास विभाग संस्थागत सहयोग इकाई काठमाडौंको आयोजनामा यस आयोजनाको सेवा क्षेत्रभित्र रहेका १८ बर्षदेखि ४५ बर्षभित्रका एकल महिला, दलित, आदिवासी जनजाति भई कमजोर आर्थिक स्थिति भएका काठमाडौं गई ६० दिने तालिम लिई प्लम्बिङ पेशा अपनाउन चाहने २ जना साधारण लेखपढ गर्न जान्ने महिलालाई नि:शुल्क तालिममा सहभागी गराइदिन पत्र प्राप्त भएकोले इच्छुक तोकिएको मापदण्डभित्रका महिलाहरुले संस्थाको कार्यालयमा यही २०७६ कात्तिक २६ गते कार्यालय समयभित्र तपसिलमा उल्लेखित कागजात सहित निवेदन पेश गर्न सूचित गरिन्छ ।

**तपसिल**
१) ना.प्र.को प्रतिलिपि थान– १ २) फोटो थान– २
– तालिम शुरु हुने मिति पछि तोकिनेछ । तालिम अवधिभर खाने बस्ने व्यवस्था र आउने जाने बस भाडा खानेपानी विभागबाटै उपलब्ध हुनेछ ।

**चारआली खानेपानी तथा सरसफाई उपभोक्ता संस्था**
मे.न.पा.-१२, दुहागढी धाइजन, झापा
सम्पर्क नं. ०२३-४६०६७१/९८४२७०२१४६

**श्री भीमसेन बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
कनकाई नगरपालिका–३, सुरुङ्गा, झापा

**साधारणसभा सम्बन्धी सूचना**

यस श्री भीमसेन बचत तथा ऋण सहकारी संस्था लिमिटेड कनकाई नगरपालिका–३ सुरुङ्गाको १० औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा सम्पन्न गर्ने निश्चय भएको हुँदा यस संस्थाका सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई पत्र पठाई सकिएको छ । कारणबस पत्र प्राप्त हुन नसकेको भए यसै सूचनालाई आधार मानी परिचय पत्रसहित उपस्थित भइदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

**समावेश विषयहरु**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा वार्षिक प्रतिवेदन
२. आ.व.२०७५/०७६ को स्वतन्त्र लेखा परीक्षकको लेखा परीक्षण प्रतिवेदन
३. चालु आ.व. २०७६/०७७ को कार्ययोजना
४. लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण
५. निर्णयलेखन र प्रमाणीकरण

साधारणसभामा उपस्थित सदस्यलाई पारवहन खर्चको व्यवस्था गरिएको छ । साधारणसभामा उपस्थित हादा अनिवार्य रुपमा परिचयपत्र साथ उपस्थित हुनुपर्नेछ । अन्यथा पारवहन खर्च प्राप्त हुने छैन ।

**साधारणसभाको कार्यक्रम**
मितिः२०७६ साल कात्तिक २२ गते शुक्रबार समयः दिनको ठीक १०:०० बजे
स्थानः कनकाई सामुदायिक वन समूह, सुरुङ्गाको सभाहल

**नरेन्द्रकुमार श्रेष्ठः** अध्यक्ष
**श्री भीमसेन बचत तथा ऋण सहकारी संस्था लिमिटेड**, कनकाई न.पा.–३, सुरुङ्गा झापा

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**डा. अंशुमाली जोशी आउने बारेको सूचना**

काठमाडौं डाईबिटिज एण्ड डाईरोइड सेन्टरबाट
(Kathmandu Diabetes & Thyroid Center)
मधुमेह, थाइरोइड, हर्मोन तथा नि:सन्तान सम्बन्धी
**विशेषज्ञ डा. अंशुमाली जोशी**
(Dr. Anusumali Joshi) MBBS (KU), MD Internal Medicine (TU), DM Endocrinologist (AIIMS, New Delhi)
निम्न मिति तथा समयमा बिर्तामोडमा आउनुहुने हुँदा सम्बन्धित पुराना तथा नयाँ बिरामीहरुले समयमै सम्पर्क गरी स्वास्थ्य लाभ लिनुहोला ।

यही कात्तिक २२ गते शुक्रवार बिहान ११ बजेदेखि २३ गते शनिवार बिहान ७बजेदेखि दिउँसो २ बजेसम्म ।

**नेशनल क्लिनिक** बिर्तामोड प्रा.ली.
दोस्रो तल्ला, उर्वशी चौक , भद्रपुर रोड, जनता बैंकसगैं, (एन.आर.एल रहेको भवनमा)
फोन नं ०२३-५४६४९४, ५४१४९४, ९८०१११३८०६

**Private / Open SEE 2076**

प्राईभेट SEE, कक्षा-१० को आठ ओटै विषयका तयारी कक्षाहरुमा भर्ना खुल्यो ।

कक्षा-८ पास गरी अध्ययन छाडेका, कक्षा-९, १० वा SLC फेल भई बसेका विद्यार्थीहरुले यस वर्ष नै SEE पास गर्न सक्नेछन ।

**पाइथागोरस एजुकेशन फाउण्डेशन**
अतिथि सदन रोड, बिर्तामोड
फोन. 023-544975 , मो.नं. 9807927033



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : हेमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# गौरव अक्षुण्ण राखौं

**नेपाल इतिहासदेखि नै स्वाधीन, स्वतन्त्र र अखण्ड राष्ट्र हो । इतिहासको कुनै कालखण्डमा यही विशिष्टता अक्षुण्ण राख्ने क्रममा तिब्बत, चीन र बेलायती साम्राज्यवादी शक्तिका साथ युद्ध गरेर वीर जातिको गौरव कायम गरेका जनताको प्यारो भूमि नै नेपाल हो । यद्यपि वीर वीराङ्नाहरुको वीरताको कथा आजभोलि पाठ्यपुस्तकमा पनि पढ्न पाइन्न । पूर्वजहरुको गौरव गाथाबाट अपरिचित, ज्ञान, त्याग र सेवाले शून्य हुन लागेका बेला ठूला माछाले साना माछालाई खाइरहने हो भने नेपाली जातिको अस्तित्व नै संकटमा पर्दा समेत छक्क पर्नु नपर्ने अवस्था आउन सक्छ । तत्कालीन साम्राज्यवादी शक्तिसँग केवल आत्मविश्वास, उच्च मनोबल र राष्ट्र एवम् राष्ट्रियताको एकमात्र एकलव्य दृष्टिले सुरक्षित पुर्खाहरुको सेवा र सपर्मणको पर्याय नेपाल र हामी अहिले प्रत्येक वर्ष साँघुरिँदै, खुम्चिँदै र खिइँदै गइरहेका छौं ।**

**चारैतिरबाट जमिनले छोएको र ठूला–शक्ति राष्ट्रहरु चीन र भारतको सीमासँग जोडिएर पनि स्वतन्त्र र स्वाधीन जातिको गन्ध सुँघेर गौरवान्वित हुनु हाम्रो नियति बनिएको छ । अग्रज र देशका सर्वोच्च शक्ति हौं भन्नेहरुले सीमा क्षेत्रमा बारम्बार अतिक्रमण भइरहँदा पनि कुटनीतिक क्षमता प्रदर्शन गर्न नसक्दा खुम्चिनु परेको नेपाली जातिको स्वत्व र अस्मिता पुर्न जाग्रत गर्ने जनताले नै लागू पर्ने अवस्था विडम्बनापूर्ण हो । वैदिक समयदेखि नै प्रचलित मत्स्य न्यायको कुरा आज पनि यथावत रहनु र सहअस्तित्वलाई व्यवहारमा स्वीकार नगर्नु दुर्भाग्य नै हुनसक्छ । दासता कहिल्यै नस्वीकारेका नेपाली यसबेला भने सीमा क्षेत्रमा गाडिएका स्तम्भहरु क्रमशः नेपालतर्फ सारिँदा टुलुटुलु हेर्न बाध्य छन् । अभिभावक र संरक्षक भनिने सरकारका तर्फबाट तार्किक, कुटनीतिक तथा राजनीतिक प्रतिवाद नगरिँदा चुपचाप बस्न, बाध्य नेपाली प्रत्येक बिहान भारतर्फ मिर्सिँदै गरेको 'जङ्गे पिलर'हरुले बयान गरेका छन् ।**

**पूर्वी नेपालको पशुपतिनगर हुँदै भद्रपुर, महेशपुर र सुस्तासम्मका नेपाली भू–भाग कुनै न कुनै नाममा सीमा विवाद भोग्न बाध्य छन् । त्यसैगरी सन् १८१६ मा भएको सुगौली सन्धिले निर्धारण गरेको कालीनदीको मुहान भएको लिम्पियाधुरा नेपालको सीमाना थियो । तर, प्रत्येक वर्ष भारतले अतिक्रमण गर्दै लिपुलेकसम्मको तीन सय दश वर्ग किलोमिटर भू–भाग भारतले कब्जा गरेकोमा अहिले त्यसयता थप बैसठ्ठी वर्ग किलोमिटर अतिक्रमण गर्दै नयाँ नक्सा निकालेर भारतले फेरि बलमिच्याइँ गरेको छ । भारतको यस्तो अतिक्रमणको प्रतिवाद नगर्दा, न्यायका लागि वैधानिक बाटो नखोज्दा र मौन बस्दा सरकार नै नभएको अनुभूत गर्नुपर्ने अवस्था स्वाधीन र स्वाभिमानी नेपाल जातिका लागि अनपेक्षित छ । यसका लागि नेपाल सरकार, गृह, पर्यटन मन्त्रालय, नापी विभाग र कुटनीतिक क्षमतामाथि प्रश्न उठ्नु स्वभाविक हो । कुनै पनि अन्तर्राष्ट्रिय सीमारेखा एउटा व्यक्ति वा देशको 'तजबिज'मा निर्धारण हुने विषय होइन । कतै सीमा मिचिँदा सबैभन्दा पहिला सरकारलाई दुख्नु पर्दछ, उसको अवयवहरु सक्रिय हुनुपर्दछ र कुटनीतिक क्षमताबाटै न्यायपूर्ण समाधान खोजिनु पर्दछ ।**

**पटक–पटक विवादमा आउने गरेको हाम्रो सीमा विवादको दीर्घकालीन समाधान खोज्न अब ढिला गरिनु हुन्न । जब–जब विवाद उत्पन्न हुन्छ तब–तब विज्ञ टोली बनाएर प्रतिवेदन बुझाउनु मात्र स्थायी समाधान होइन । विज्ञको प्रतिवेदनलाई कार्यान्वयनमा लैजाने सरकारका प्रतिनिधिमा रहेन भने विज्ञहरुको विज्ञता निरर्थक हुन्छ । तसर्थ कालापानी, सुस्ता, महेशपुर वा लिम्पियाधुरा लगायतका सीमा क्षेत्रहरु अतिक्रमणको चपेटामा नपरुन् सरकारले चासो र बुद्धि देखाउनै पर्दछ । अन्यथा हाम्रो गौरवगाथा बिटुलिने छ र पुर्खाहरुको त्याग र बलिदान खेर जानेछ । त्यसबेला जनता भन्न बाध्य हुनेछन् कि 'मर्दको कमारो भएर बस्छौं'– त्यसतर्फ सरकार अग्रसर होस् ।**

### सामाजिक सञ्जाल



दिल्लीबाट जारी नयाँ नक्साप्रति गम्भीर ध्यानाकर्षण भएको छ !

सम्माननीय पी एम नेपाल,


कालापानी र लिपुलेक हाम्रा अभिन्न अंग हुन् । नेपाल सरकारले तत्काल धारणा सार्वजनिक गरेर तत्काल गम्भीर पहलकदमी गरोस् । नेपाली माटोका बारे कहीँबाट पनि उब्जिने प्रश्न आपत्तिजनक र अस्वीकार्य छ ।

**– विश्वप्रकाश शर्मा**



यो सरकारको परीक्षाको घडी हो । अतिक्रमित भूमिबारे बोल सरकार । यो ज्यादतीको प्रतिवाद गर । आधिकारिक धारणा सार्वजनिक गर । दलहरू पनि बोल । नागरिक समाज बोल । मिडिया बोल ।

**– विवेक गौतम**



नेपाल सरकार !

भारतलाई कडा स्वरमा भन, तिम्रो नक्सा सच्याउ नत्र सारा नेपाली भारतबिरुद्ध खनिने छन् । खुट्टा नकमाउ सरकार । नाकाबन्दीमा कसरी साथ दिए त्यो भन्दा अब्बल ढंगबाट साथ दिनेछन् नेपाली जनताले । बिस्तारबादी भारतभन्दा मौन नेपाल सरकार घातक हुन्छ ।

**– ज्ञानेन्द्र निरौला**

# नेपाली कांग्रेस अन्तरध्वंशतर्फ उन्मुख भएकै हो ?



नकुल काजी

यस देशमा २००७ सालदेखि प्रजातन्त्र-लोकतन्त्रको प्राप्तिका जनक्रान्ति-जनआन्दोलनमा नेतृत्वदायी भूमिका निर्वहनद्वारा यशस्वी पहिचान स्थापित गरेको पार्टी नेपाली कांग्रेस । यसले हाल राज्यसत्ताका काम-कारवाहीको खबरदारी गर्ने वर्तमान संविधानप्रदत्त प्रमुख प्रतिपक्षको अधिकार र कर्त्तव्यको सम्मान गर्नेसम्मको हविगत राख्न नसकेको देखिइरहँदा यसका वृत्तभित्रकै नेपाली पनि बिरक्तिन थालेका छन् । बस् यही नै अहिलेको नेपाली राजनीतिक धरातलको एउटा कटु यथार्थ बनेको छ ।

नेतृत्व हत्याउने गुटपरस्त अस्वस्थ प्रतिस्पर्धात्मक किचोलारुपी रोगग्रस्त भएर नेपाली कांग्रेसले प्रमुख प्रतिपक्षीको हैसियतलाई बलियो बनाउन सकिरहेको छैन नै, आफ्नो पार्टी-संरचना लथालिङ्ग पारिरहेछ भन्ने समाचारहरु छताछुल्ल प्रकाश-प्रसारमा आउन थालेका छन् । उपल्लो नेतृत्व-शिविरका विशिष्ट पदासीनहरु यसबेला विभिन्न गुट बनाएर पार्टी महाधिवेशनमा आ-आफ्ना पक्ष बलियो बनाउने कसरतमा केन्द्रित भएकाले यसका भ्रातृ-भगिनी र व्यावसायिक वर्गीय संगठनहरुको बिल्लीबाठ भइरहेका छन् भन्ने ती समाचारहरुका अग्र-सम्प्रेषण रहेका छन् । पदलोलुपताको उदेकलाग्दो घर-भगडाले साङ्गठनिक संरचनाप्रतिको मूल दायित्वलाई यसरी थिचोमिचोमा पार्नुले प्रजातन्त्रवादी ख्यातीको त्राणले बाँचिरहेको पार्टी स्वयम् आफैभित्र चाहिँ 'प्रजातन्त्र' छैन कि कसो भन्ने शंकाले आकार बढाउन थालेको छ । यसो हुँदा देशका सबै क्षेत्र, तप्का र तहहरुमा विभीषिकाकै रुपमा बिस्तीर्ण बेथिति र जन-जीविकाका अक्करिला अप्ठ्याराहरुले निर्बिध्न मौलाउने अवसर पाइरहेका छन् । सरकारका दर्ज्यानी तहमा भ्रष्टाचार, कमिशनखोरी, सेन्डिकेट-सेटिङ आदि-इत्यादि देश रुख्याउने छद्म दुष्कर्महरुले निर्बाध मात्र होइन, 'एक्लै दौडेर प्रथम हुने' सुनौलो मौका मारिरहेका छन् ।

नेपाली कांग्रेसका तल्ला-उपल्ला नेताहरुले एकातिर आफ्नो पार्टीभित्रको एकता-याचनाको फलाको आफ्ना कार्यक्रमहरुमा उराल्ने गरिरहेका छन् भने अर्कातिर उनीहरु नै आ-आफ्ना गुट मजबुतीकरणको विभाजक गतिविधिमा अझ तदारुक छन् भनेर सो पार्टीलाई दिलोदिमाग माया गर्नेहरुले नै भन्न थालेका छन् । 'एक भाइ हिङ नभए भागै नबस्ने–अर्को भाइ हिङ भए भित्रै नपस्ने' उखान यसबेला नेपाली कांग्रेसमा चरितार्थ भइरहेको चर्चा दैनन्दिन व्यापक हुँदै आएको छ । राज्यका काम-कारवाही, होचो-अर्धेलो, कमी-कमजोरी र अज्ञानतावश वा नियतवश भए-गरेका गल्तीका विरुद्ध खबरदारी गर्ने दायित्व बोकेको पुरानो परिचित पार्टी आफूभित्रकै नेतृत्व तानातान भगडामा रुमल्लिएर नागरिकमा रहेको आफ्नो परम्परागत प्रभावबाट खस्किँदै जानु देशले अंगीकार गरिराखेको राजनीतिको दुर्भाग्यको सूचीमा सूचीकृत हुने विषय नै हो ।

आफू काइदा नजान्ने र जान्नेले भनेको पनि नमान्ने हठी नेताहरु आ-आफ्ना गुट-मातहतका नेता-अगुवालाई यता-उता हुन नदिइकन चराउने गोठालागिरीमा प्रवृत्त भएपछि समर्थक नागरिकमाझ अप्रिय बन्दै जानु अस्वाभाविक ठहर्दैन । नागरिकको मूल्य विषय राजनीतिक कहीँ-कतै पनि हुँदैन । नागरिक-मनोविज्ञानले पुरानो इतिहासको पुनरावृत्तिमा सधैँ पाउलो हाल्दैन भनेर बुझ्ने वातावरण नेपाली कांग्रेस पार्टी-नीति निर्माता नेता-अगुवाहरुले बनाउन नसक्नुको दुष्परिणाम उनीहरुले निर्वाचनको परीक्षापछि भोग्दै आइरहेकै छन् । निर्वाचनमा उम्मेदवारहरु हारे पनि बहुमत विजयीलाई छोडेर बाँकी पार्टीहरुभन्दा नेपाली कांग्रेस पार्टीको जनमत कमजोर थिएन । त्यो संख्या हेर्दा उम्मेदवारहरु त्यतिविधि हार्नुपर्ने के कारण थियो त ? तत्कालीन एमाले पार्टीभन्दा नेपाली कांग्रेसको पार्टीगत जनमत थोरै मात्र कम थियो । तर, उसले लामो समय पार्टीमा संलग्न रहने, व्यावहारिक स्थलमा अप्रजातन्त्रवादी, राजनीतिमा अक्षम, क्षेत्र-क्षेत्रका हैकमीहरु इत्यादिलाई 'दीर्घसेवा पुरस्कार स्वरुप' उम्मेदवारी दिने गल्ती गरेको थियो । उम्मेदवारहरु भुर्कुट्टै हारे पनि पार्टीले, सबभन्दा बढी सीट जित्न सफल, एमालेभन्दा लभभग ४५ हजार मत मात्र कम प्राप्त गरेको थियो । परन्तु, पार्टीको त्यो सफलताको मूल्यांकन गरेर अगाडि बढ्ने प्रेरणा नेपाली कांग्रेस प्राधिकरणले त्यसयताको अवधिमा लिएको कतै देखिएन । एक नेताले अर्कोलाई 'अन्तर्घाती' आरोप लगाउँदै आफूहरु उभिएको भूइँ आफै खन्ने अन्तरध्वंशी काम प्रशस्त भए, भइरहेकै छन् ।

राज्यका संघीय, प्रदेश र स्थानीय तहका निर्वाचनहरु भएयता अथवा नेपाली कांग्रेस संवैधानिक प्रमुख प्रतिपक्षी घोषित भएयताका विभिन्न घटना-प्रकरणमा उसले आफू र प्रजातन्त्र-लोकतन्त्रको पर्याय भएको डिङ हाँक्ने काम गर्‍यो । त्यसो गरिनु एउटा पुरानो राजनीतिक पार्टीका हकमा शोभा दिने कुरो थिएन र होइन पनि । नेपाली नागरिकहरु प्रजातन्त्र-लोकतन्त्रका प्रति आत्मनिवेदित छन् । यस अर्थमा उनीहरुले कांग्रेसका अधिकांश उम्मेदवारलाई भोट नदिनु उनीहरुले प्रजातन्त्र-लोकतन्त्रको तेजोबध गर्ने बाटो लिए भन्ने पनि बुझ्नुपर्ने कि के ? नेपाली कांग्रेसको उप्पलो



नेतृत्व शिविरमा यसबेला जुन रडाको भूसको आगो झैं सल्किरहेको छ, त्यो लोकतान्त्रिक अभ्यास हो त ? नागरिक अथाह समस्यामा पिल्सिरहेको यो समय-सन्दर्भमा नेपाली कांग्रेसको कुन जन धरातलमा सुधारमुखी र अगुवाइजन्य उपस्थिति छ त ? यसबेला देशमा नेकपाको सरकार बहाल छ । उसलाई लोकमतले त्यो हैसियत दिएको हो । आफूलाई सर्वोपरि लोकतान्त्रिक पार्टी मात्र होइन लोकतन्त्रको पर्यायकै रुपमा मानिरहेको पार्टीले लोकमतको कदर-सम्मान गर्नुपर्ने प्राथमिक शर्त हो भने वर्तमान सरकार(हरु)-लाई लोकमतद्वारा अनुमोदित मान्न सक्नु नै उसको सारभूत सैद्धान्तिक आदर्श हुनपर्ने होइन र ?

आफ्नो मण्डलीका दायराभित्र प्रजातन्त्र-लोकतन्त्रको ब्याख्या फर्माएर आफ्नो पार्टीलाई लोकतन्त्रको पर्याय नै भनिरहँदा र लोकमतले प्रतिष्ठापित सरकारलाई अन्यथा भनिरहेको सुनिँदा दाँत झरेकी बूढी बज्यैले सोतेबाट आगो फुके झैं प्रतीत हुने गरेको प्रतीतिहरु बढेका छन् । सरकारका काम-कारवाही समग्रमा एकाधिपत्य भावभूमिमा उभिएका छन् । यस कुरामा कुनै विचार गर्नसक्ने र स्थितिको मूल्याङ्कन गर्नसक्ने कुनै पनि नेपालीको अर्को मत नहोला । तर, प्रमुख प्रतिपक्षीले अन्य प्रतिपक्षीहरुलाई संगठित गरी बलियो बन्नुपर्ने बेलामा स्वयम् घर-झगडाको नरमाइलो रमिता बनिरहेको छ भने, सत्ताधिकारीले चाहेर होस् वा नचाहेरै किन नहोस्, उसको एकाधिपत्य अवस्था देखिनु स्वतः स्वाभाविक हुँदैन र ? प्रतिस्पर्धी नभएपछि खेलमा वाक्-ओभरको नियम अवतरित हुनुलाई घनघोर आश्चर्यको विषय किन मान्ने ?

वर्तमान सरकारले धरातलीय नागरिकलाई तिनका अपेक्षानुकूल राज्यसँग जोड्न नसकिरहेको विषय नेपाली कांग्रेसको प्रतिपक्षी खेलोफड्कोको मुख्य सम्बल बनेको छ । यो विषय त देशका राजनीतिप्रति चासो राख्ने हरेक बुद्धिजीवी, हरेक विश्लेषक र पार्टीहरुका प्रति निरपेक्ष लोकतन्त्रका अनुरागी टिप्पणीकारहरुले उठाइरहेकै छन् । नागरिक कित्ताका नेपालीमा हाल बढिरहेको कोलाहलको मूल विषय नै यही हो । बरु, यस्ता परिप्रेक्ष्यहरुमा प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले चाहिँ राष्ट्र र राष्ट्रबासीलाई पीडा दिने कुन घटनामा परिणामप्रद तदारुकता देखाइरहेको छ त ? भन्ने जङ्गे प्रश्न उठिरहेको छ । हरेक घटनाका लहराले वैयक्तिक र संस्थागत रुपमा उसलाई जेलिरहेको छ । साँपको मुखमा चेपिएर मुक्तिको आवाज दिइरहेको भ्यागुताले उसको नाकमा बस्न पुग्ने झिंगालाई जिब्रोले तानेर निल्न खोजे जस्तो अवस्था छ अहिले प्रतिपक्षी भूमिका । अहिले लोकतन्त्रको परिभाषामा छ जना अन्धाले छामेर हात्तीको स्वरुप बखानेको दन्त्यकथा चरितार्थ भइराखेको छ । लोकतन्त्र-प्रजातन्त्र आफ्नो पार्टीमा मात्र मूर्तिमान हुन सक्ने ठानिरहेको पार्टीको अन्तरध्वंशी अवस्थाले लोकतन्त्र-प्रजातन्त्रको विश्वमान्यतासँग मेल खान्छ-खाँदैन ? उसका पूर्वजहरुबाट निसृत नेपाली प्रजातन्त्रको सकली सैद्धान्तिक नाक-नक्साको अविकृत स्वरुप यही हो, जो अहिले देखिँदो छ ? आदि-इत्यादि प्रश्नका काँडाहरु उबाट उसैमा भरमार प्रक्षेपित भइरहेका छन् र गुटगत गज्याङमज्याङमा परेर ती प्रश्नहरु नै अन्यायमा भिमलाई रहेका छन् । ......र, आजलाई यत्ति नै । शेष फेरि–

# समाजवादको वास्तविक मर्म बुझ

प्रज्ज्वल बराल

नेपाल 'समाजवाद उन्मुख' राष्ट्र भनेर संविधानको प्रारम्भिक भागमा लेखिएको छ । अहिले सरकार सञ्चालनमा समेत समाजवादको लागि सात दशकभन्दा लामो समयदेखि संघर्ष गर्दै आएको पार्टी विराजमान रहेको छ । इतिहासलाई स्मरण गर्दा समाजवादको लहर मार्क्स र एंगेल्सले १८४८ मा प्रकाशित 'कम्युनिष्ट घोषणा पत्र' बाट शुरु भएको पाइन्छ । तर, मार्क्स र एंगेल्सभन्दा पहिले पनि समाजवादको चर्चा नभएको भने होइन । अनेकौं राष्ट्रमा आ-आफ्नो विचारमा आधारित भएर समाजवादको ब्याख्या हुनेक्रम जारी छ ।

नेपालमा 'समाजवाद' माथि चर्चा र परिचर्चा विभिन्न समयमा विभिन्न कोणबाट भएको छ । नेपालको सन्दर्भमा नियाल्दा समाजवादको बहस नेपाल कम्युनिष्ट पार्टीको स्थापनासँगै शुरु भएको पाइन्छ । पाँच जनाको नेतृत्वमा शुरू भएको नेपाल कम्युनिष्ट पार्टीले नेपाली राजनीतिमा समाजवादको जग बसाल्यो । नेपालमा कम्युनिष्ट पार्टीको विभिन्न पटक फुट्ने-जुटनेक्रम जारी भयो । कहिले निजी स्वार्थको कारणले त कहिले वैचारिक भिन्नताको कारणले । कम्युनिष्ट पार्टी जनताको माझमा कहिले झुक्दै त कहिले लुक्दै अघि बढ्नुपर्‍यो । तर, समाजवादको परिभाषा कहिले झुकेन । मार्क्सवाद कल्पनामा नभएर ऐतिहासिक सत्य-तथ्यमा आधारित भएर नै होला अहिले पनि यसलाई जो कोहीले नकार्न सकेको छैन । कम्युनिष्ट पार्टीले मात्रै नभएर कांग्रेसले पनि समाजवादलाई विभिन्न कोणबाट ब्याख्या गर्दै आएका छन् ।

यसकारण प्रश्न उठ्छ समाजवाद आफैमा के हो ? सामान्य रूपमा भन्नुपर्दा 'समाजवाद' भनेको यस्तो सामाजिक आर्थिक व्यवस्था हो, जहाँ देशको सम्पूर्ण अर्थतन्त्रको स्वामित्व सरकारमा निहीत हुन्छ । आदिम साम्यवाद, दास युग, सामन्तवादी युग, पुँजीवादी युग हुँदै समाज परिवर्तन भए जस्तै समाजवादको चरणबाट नै साम्यवादी युग जाने परिकल्पना मार्क्सले गरेका छन् । मार्क्सले समाजवादलाई साम्यवाद जाने संक्रमणकालको रुपमा बताएको छन् । समग्रमा भन्नुपर्दा साम्यवादमा जाने एक महत्वपूर्ण खुड्किलाको रुपमा समाजवादलाई बुझ्न सकिन्छ ।





समाजवाद कसैले एक हातले दिने एक हातले लिने व्यवस्था होइन । यो नितान्त प्रयोजनपरक भएको कारणले समयक्रमसँगै ल्याउने परिवर्तनको फलस्वरूप आउने व्यवस्था हो, यसकारण नेपालको संविधानमा समाजवाद लेखिनु कुनै ठूलो प्रगति मान्न सकिने अवस्था छैन । वर्तमान समयमा समाजवाद कस्तो हुने भनेर समेत कतै उल्लेख तथा ब्याख्या नगरिएको कारण अझै समाजवाद प्रति शंका उत्पन्न हुनु स्वभाविक रूपमा लिन सकिन्छ ।

**कस्तो मोडेलको समाजवादको कुरा हुँदैछ त नेपालमा ?**

संसारमा समाजवादको बहस झण्डै दुई सय वर्षभन्दा अगाडिदेखि शुरु भएको हो । जस्तै कुनै पनि विचारलाई कार्यान्वयनको पक्षले निर्धारण गर्छ, त्यस्तै समाजवाद पनि विभिन्न राष्ट्रमा प्रयोग हुँदै अनेक रुपधारण गरेको छ । लक्ष्य एउटै भए पनि प्रयोगको कारणले समाजवाद पनि विविध रुपमा देखापरेका छन् । सोभियत संघको समाजवादको मोडेल र चीनको समाजवादको मोडेलमा धेरै फरक पाइन्छ । सोभियत समाजवादको असफलतापछि सबैजसो समाजवादी मुलुकहरूमा ठूलो धक्का पुग्यो । चीनमा फरक ढंगले समाजवादको ब्याख्या भयो र कम्युनिष्ट आन्दोलनले नयाँ मोडे लियो । क्युबा, भियतनाम र लाओस जस्तै विभिन्न देशमा विभिन्न रुपले समाजवाद ब्याख्या भएको छ । त्यसो भए नेपालमा कुन मोडेलको समाजवादको ब्याख्या हुँदैछ त अहिलेको अवस्थामा ।

यसकारण यहाँ अर्को प्रश्न उठ्छ कि वैचारिक स्पष्टता बिना नै कुन समाजवादको कुरा गर्दैछ त वर्तमान सरकार ? अहिलेको परिस्थिति नियाल्दा नेपाल दलाल पुँजीवादी सामाजिक व्यवस्थामा रुमल्लिरहेको देखिन्छ । शिक्षा, स्वास्थ जस्ता आधारभूत कुराहरुमा दलाल पुँजीवाद हावी हुँदै गएको छ र भ्रष्टाचार, आर्थिक अनियमितता, कमिसनखोरी देशमा दिनप्रतिदिन मौलाउँदै गएको छ । सरकार सञ्चालन रहेको नेकपा नै यसबाट अछुतो रहन सकेको देखिँदैन । नेकपा नीतिगत रूपमा नै असफल देखिँदै गएको छ । त्यसैले जबसम्ममा राज्यको माथिलो निकायमा सबैको समान पहुँच हुँदैन तबसम्म समाजवाद परिकल्पना गर्नु भ्रमको खेती सरह हो ।

संविधानको अनेक विशेषता मध्य समाजवादको नीति अवलम्बन गर्न सबैभन्दा फरक र नयाँरुपले नेपाली जनताको हेरेका थिए । देशमा स्थिर सरकार जो समाजवादको नीतिलाई आत्मसात गर्दै अगाडि जाने पक्षलाई देशको युगान्तकारी उपलब्धिको रूपमा लिएको थियो । तर, दुर्भाग्यपूर्ण कुरा समाजवादको नीति संविधानमा मात्रै सिमित भएको छ । अहिलेको अवस्थामा देशमा चरम निराश छाएको छ । त्यसको प्रत्यक्ष उदाहरण जनमत सडकमा उत्रेर आन्दोलनको बाटो रोज्नु हो । सरकारले सुशासन र भ्रष्टाचार नियन्त्रणको नारा लगाउँदै आएको तर नारा अनुसार कार्यनयन गर्न नसकेकोले आफै काण्डै काण्डमा फसेको देखिन्छ ।

संविधानमा समेत समाजवादको कुनै स्पष्ट ब्याख्या छैन । अहिले कम्युनिष्ट पार्टीको नेतृत्वमा दुई तिहाइको सरकार छ र सधैजसो समाजवादको नाममा टीकाटिप्पणी हुने क्रम जारी छ । सरकार आफै दलाल र विचौलियाको चङगुलमा परेका देखिन्छ । समाजवादमा पुग्ने सरकारको समेत कुनै नीति देखिँदैन । सरकारको गतिविधि दिनप्रतिदिन अलोकप्रिय हुँदै गएको छ र सरकार देश सञ्चालनको त कुरै नगरौं पार्टी सञ्चालनमा समेत कठिनाई भोगिरहेको भान हुन थालेको छ । तथापि, प्रधानमन्त्री केपी शर्मा ओलीले नेतृत्व गरेको सरकारले समाजवादलाई आफ्नै कोणबाट ब्याख्या गर्नेक्रम जारी छ ।

'सुखी नेपाली समृद्ध नेपाल' समाजवादको मूल मन्त्र भएको छ । तर, कार्यशैली भने विपरीत हुँदै गएको छ । दलाल पुँजीवाद टेकेर समाजवादको यात्रा तय गर्न सकिँदैन भन्ने सबैलाई हेक्का हुँदाहुँदै पनि त्यस्तो पार्टीभित्रै हावी हुनेक्रम जारी छ । शिक्षा, स्वास्थ जस्ता आधारभूत कुराहरुमा दलाल पुँजीवाद हावी हुँदैछ । देशमा भ्रष्टाचार बिगबिगी एवम् जताततै कमिसनको चलखेल झन् बढ्दैछ र यस्तो अवस्थामा नेकपाको समाजवाद वायुपंखी घोडा हुँदैछ । बोलीमा मात्रै सिमित । त्यसैले सरकारले समयमै आफ्नो आन्तरिक पार्टीका साथै बाह्य कर्यशैलीमा सुधार गर्दै अगाडि जानु पर्नेछ र समाजवादको वास्तविक मर्म बुझ्दै सरकारअघि बढ्नु आवश्यक देखिन्छ ।

# १५८ जनालाई सुत्केरी पोषण भत्ता




**काँकरभिट्टा, कात्तिक २०।** मेचीनगर नगरपालिकाले सुत्केरी पोषण भत्ता अन्तर्गत हालसम्म तीन लाख १६ हजार रुपैयाँ वितरण गरेको छ ।

सुत्केरी पोषण भत्ता वितरण कार्यविधि २०७५ बमोजिम गएको माघ ६ गतेदेखि नगरपालिकाले सुत्केरी पोषण भत्ता वितरण गर्दै आएको हो । यस अन्तर्गत हालसम्म एक सय ५८ जना सुत्केरीलाई जनही दुई हजार रुपैयाँका दरले तीन लाख १६ हजार रुपैयाँ वितरण गरिएको नगरपालिकाकी उपप्रमुख तथा सुत्केरी पोषण भत्ता वितरण कार्यक्रम संयोजक मीना पोखरेल उप्रेतीले जानकारी दिइन् । उनका अनुसार दुईजना सन्तानका लागि मात्र यो सुविधा उपलब्ध गराउने गरिएको हो । नगरपालिकाले उक्त रकम स्वयम् घरमै पुगेर प्रदान गरिने गरेको छ ।

यो सुविधा लिन अनिवार्य अस्पतालमा गएर सुरक्षित सुत्केरी गराउनुपर्नेछ । घरमै सुत्केरी भएकाले यो सुविधा नपाउने उपप्रमुख तथा सुत्केरी पोषण भत्ता वितरण कार्यक्रम संयोजक उप्रेतीको भनाई छ ।

मातृ तथा नवजात शिशुको मृत्युदरमा कमि ल्याउने उद्देश्यले नगरपालिकाले नगरभित्रका अति विपन्न समुदायलाई रकम उपलब्ध गराउँदै आएको कार्यालयकी महिला विकास निरीक्षक जयन्ती खरेल लम्सालले जानकारी दिइन् ।

नगरपालिकाको दोस्रो नगर सभाको स्वास्थ्य तथा जनसंख्या सम्बन्धि नीतिमा गुणस्तरीय स्वास्थ्य सेवाका लागि आधाभूत सेवा मातृशिशु, परिवार स्वास्थ्य पोषण, बहिरंग सेवा, स्वास्थ्य शिक्षालाई प्राथमिकताका अगाडि बढाउने उल्लेख छ ।

यसै अन्तर्गत विपन्न वर्गका मेचीनगरबासीको पहिचान गरी कार्यविधि निर्माण गरी सो को आधारमा स्वास्थ्य उपचारमा क्रमशः क्यान्सर, मुटुको शल्यक्रिया, मृगौला परिवर्तन जस्ता रोगको उपचारमा नगरपालिकाबाट प्रतिवर्ष प्रतिव्यक्ति अधिकतम् पाँच हजार रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउँदै आएको उपप्रमुख उप्रेतीले बताइन् ।

# विश्व शान्तिको कामनाका लागि एक करोड दीप बालिने

**दमक, कात्तिक २०।** धार्मिक सहिष्णुता, एकता, सकारत्मक सोच र सरकारले घोषणा गरेको पर्यटन बर्ष सन् २०२० को सफलताको कामनासहित झापाको गौरादहमा एकैपटक एक करोड दीप प्रज्ज्वलन गरिने भएको छ ।

आध्यात्मिक सांस्कृतिक पर्यटन महोत्सवसहित एकै साथ एक करोड दीप प्रज्ज्वलन गरिने भएको बताइएको छ । नेपाल मानव धर्म सेवा समितिको संयोजन र स्थानीय लायन्स क्लव, जेसीज लगायतका सामाजिक संघ-संस्थाहरुको संयुक्त आयोजनामा मंसिर ८ गतेदेखि १६ गतेसम्म बहुधार्मिक, आध्यात्मिक, सांस्कृतिक महोत्सवमा दीप प्रज्ज्वलन गरिने पत्रकार सम्मेलन गरी जानकारी दिइएको छ ।

महोत्सव मूल आयोजक समितिका संयोजक डा. तिलक खनालका अनुसार सबै धर्मको एउटै साझा मञ्च बनाएर धार्मिक गुरुहरु मार्फत नकारात्मक धारणा हटाउनका लागि गम्भीर बहस तथा प्रवचनहरु हुनेछन् । धार्मिक, पर्यटक र सम्भावानाहरुको बिषयमा समेत वृत्तचित्र, चित्रकला लगायतका प्रदर्शनीहरु गरिने उनले बताए । 'सबै धर्म र जातिहरुको साझा महोत्सवको रुपमा यसलाई लिइएको छ' -डा. खनालले भने ।

महोत्सव अवधिमा कम्तिमा पनि एक लाख पर्यटक भित्र्याउने उद्देश्य रहेको पनि उनले जानकारी दिए । महोत्सवको अन्तिम दिन विश्व शान्तिको कामना, धार्मिक एकता तथा सहिष्णुता र पर्यटन बर्ष सन् २०२० को सफलताको कामनासहित एक करोड दीप प्रज्ज्वलन गरिने पनि खनालले बताए । उक्त दीप घर-घरबाट व्यक्तिगत रुपमा र बिभिन्न समूह तथा संघ-संस्थाबाट सामुहिक रुपमा ल्याइने समेत उनले बताए ।

पत्रकार सम्मेलनमा गौरादह वडा नं. १ का वडाध्यक्ष एवम् नगरपालिकाका प्रवक्ता नगेन्द्र भण्डारीले ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पहिचानसहितको लोपोन्मुख अवस्थामा पुगेका परम्परागत नृत्य तथा संस्कृतिलाई देखाइने भएकाले नगरपालिकाको समेत पहिचान अभिबृद्धि हुने विश्वास लिइएको बताए । 'यस प्रकारको महोत्सव यो यस क्षेत्रमा पहिलो पटक हुन लागेकाले साझा महोत्सवको रुपमा अघि बढाउनु पर्छ' -उनले भने ।

नेपाल मानव धर्म सेवा समिति गौरादहकी सन्त बाइजीले नाचगान, होहल्लालाई मात्र महोत्सव भनिँदै आएकोमा सकारत्मक सोच विकास गराउने र मानिसलाई सही बाटोतर्फ मार्गदर्शन हुनेगरी प्रेरणा दिने महोत्सवको रुपमा यसलाई लिइएको बताइन् । 'सबै उमेर समूहका आएर यहाँ केही न केही ज्ञान र सहीमार्गमा हिँड्न प्रेरित भएर घर फर्कने विश्वास लिन सकिन्छ' -उनले भनिन् ।

# धनकुटामा गाँजा फडानीलाई तीव्रता

**धनकुटा, कात्तिक २०।** पछिल्लो समय धनकुटामा गाँजा फडानी कार्यक्रमलाई तीव्रता दिइएको छ । यसैक्रममा प्रहरीले जिल्लाको बिभिन्न स्थानहरुमा लगाइएको तथा प्राकृतिक रुपमा आफै उम्रिएको ६० हजारभन्दा बढी गाँजाका बोटहरु फडानी गरी नष्ट गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय धनकुटा, दंगा नियन्त्रण प्रहरी गण दुहवी र इलाका प्रहरी कार्यालय छिन्ताङबाट गएको प्रहरीको टोलीले धनकुटाको शहिदभूमि गाउँपालिका-१ र ३ को सिरवानी, च्याप्रुङ, सुन्तलावारी, चिच्चे र गुर्दुङको एरिया इलाकाको करिब ३६ रोपनी जग्गामा अबैध रुपमा लगाइएका तथा प्राकृतिक रुपमा आफै उम्रिएका २२ हजार गाँजाका बोट फडानी गरी नष्ट गरेको हो ।

यसैगरी इलाका प्रहरी कार्यालय भेडरटारबाट गएको प्रहरीको टोलीले साँगुरीगढी गाउँपालिका-८ को खुडी, बाण्डे, खाम्चुवा, खेरेबोटे, पाखाटोल र खालिङको करिब पाँच रोपनी जग्गामा अबैधरुपमा लगाइएका तथा प्राकृतिक रुपमा आफै उम्रिएका ११ हजार पाँच सय ५० गाँजाका बोट फडानी गरी नष्ट गरेको हो ।

त्यसैगरी प्रहरी चौकी आँखिसल्लाबाट खटिएको प्रहरी टोलीले शहीदभूमि गाउँपालिका-४ ,५ ,६ र ७ को खोकु, सालबोटे, पाखा, गैरी, आइतबारेका बिभिन्न स्थानहरुमा भएका २६ हजार गाजाका बोट फडानी गरी नष्ट गरेको तथा प्रहरी चौकी त्रिवेणीबाट गएको प्रहरीको टोलीले शहीदभूमि गाउँपालिका-१ को गुर्धुङ, तिनतले र पाङनाङको अन्दाजी १५ रोपनी जग्गामा अबैध रुपमा लगाइएका तथा प्राकृतिक रुपमा आफै उम्रिएका तीन हजार पाँच सय गाँजाका बोट फडानी गरी नष्ट गरेको जिल्ला प्रहरी कार्यालय धनकुटाले जनाएको छ ।

# एनएमसीको सरसफाई अभियान

**बिर्तामोड, कात्तिक २०।** नेपाल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड (एनएमसी) बिर्तामोड-१० सैनिकबजार कार्यालयले सरसफाई कार्यक्रम सम्पन्न गरेको छ ।

संस्थाका कार्यालयगत उपसमिति संयोजक मनु मुखियाको नेतृत्वमा सैनिक बजार क्षेत्र सरसफाई गरिएको हो । सरसफाई कार्यक्रममा उपसमिति सदस्य गंगाप्रसाद मैनाली, एक नम्बर एकाई समिति संयोजक कमल खतिवडा, सदस्य ओम गुरुङ, कार्यालय प्रमुख सुमन पोखरेल, कर्मचारीहरु पवन मैनाली, पूजा थापा, निशा लिम्बू, चन्द्रबहादुर गुरुङ, सुरक्षा सहयोगी धनबहादुर बुढाथोकी, मनोज राई लगायत सहभागी थिए ।

संस्थाको सामुदायिक कार्यक्रम अन्तर्गत गरिएको सरसफाई कार्यक्रममा संस्थाका पचासभन्दा बढी शेयर सदस्यको सहभागिता रहेको बताइएको छ । स्वस्थ जीवन शैलीका लागि सरसफाईको महत्वपूर्ण भूमिका रहने भएकाले यसतर्फ जनचेतना जगाउने उद्देश्यले सरसफाई कार्यक्रमको आयोजना गरिएको सैनिक कार्यालय प्रमुख सुमन पोखरेलले जानकारी दिए ।




## वर्गीकृत विज्ञापन

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'
सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्कः ९८१४९९३७१२, ९८६२६४८२८२
९८४२६७७८५५, ९८२४९८११७४

**फर्निचरसहितको अफिस बिक्रीमा**
बिर्तामोड भद्रपुर बस स्टेण्ड अगाडि चलिरहेको अफिस (सामान नयाँ रहेको), पार्किङ स्थल भएको अफिस बिक्रीमा रहेकोले इच्छुकले सम्पर्क गर्नुहोला ।
मो. ९८२५९३३६६७

**गिटी बालुवा चाहिएमा**
झापामै पहिलोपटक अत्याधुनिक मेशिन र प्रविधिबाट प्रशोधन गरिएको निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन, वेश आदि चाहिएमा तु-सम्पर्क गर्नुहोला ।
फोनः ९८४२६५४४००/९८०४९५४४००

**आवश्यकता**
सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.
बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४,
९८०१४१६८४०, ९८०१४१६८४१,
९८५२६७३९५५

**कर्मचारी आवश्यकता**
कुक : ४ जना वेटर : ५ जना
घरमा काम गर्ने : ५ जना (महिला, फिदिम, इलाम, काठमाडौंका लागि)
साथै ७७ जिल्लामा हुने सांस्कृतिक तथा सचेतनामूलक कार्यक्रमका लागि :
स्वयम्सेवक : १० जना (महिला/पुरुष)
कलाकार : १० जना (महिला/पुरुष)
साधारण लेखपढले हुनेछ । तालिमको व्यवस्था छ ।
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

**बाह्रमासे कागती खेती ! गरौं है उन्नती !!**
वर्षभरि नै फली रहने सबैभन्दा राम्रो खालको सुन कागती खेती गर्नका लागि राम्रो बिरुवा चाहिएमा आजै सम्पर्क गर्नुहोस् ।
सम्पर्कः ९८१७९३३५८२
९८९३८४४९२९

**जग्गा बिक्रीमा**
बिर्तामोड नपा-४ गोमेन्द्र कलेज पूर्व ११ धुर जग तु-बिक्रीमा छ ।
सम्पर्कः
९८२४९१७३९३

**हिजोको सूनचाँदीको भाऊ**
छापावाला सुन : ७१,७००।-
तेजावी सुन : ७१,४००।-
असल चाँदी : ८८५।-

**जग्गा बिक्रीमा**
बिर्तामोड बसपार्कबाट १ किलोमिटरमा ३२ फुटे बाटोबाट एक भित्ताभित्र २० फुटे बाटोले छोएको २, १/२ (अढाई) कठ्ठा अत्यन्त सस्तो मूल्यमा बिक्रीमा छ इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
सम्पर्कः ९८१८१७१९१२

**कोरियन भाषा**
हाम्रा बिशेषताहरु 한국어 にほんご
PBT, CBT, Student Visa का कक्षाहरु सञ्चालन ।
न्युन शुल्कमा डबल कक्षा तथा ग्रुपलाई विशेष छुट ।
AC युक्त Waiting Hall, Exam Hall भएको ।
Skill Test को तयारी कक्षा उच्च स्तरीय सामाग्रीबाट गराइने ।
Course Book तथा शिक्षण सामाग्री नि : शुल्क वितरण गरिने ।
स्तरीय कोरियन Listening Grammar को अध्यापन गराइने ।
प्रत्येक हप्ता टेष्ट, Audio, Video प्रोजेक्टरबाट कक्षा सञ्चालन हुने ।
5000 Model Question को अभ्यास तथा Guarantee कक्षा गराइने ।
टाढाबाट आउने तथा पुराना विद्यार्थीलाई विशेष छुटको व्यवस्था गरिने ।
जापनीज भाषाका N5 & N4 का कक्षाहरु पनि विशेष छुटमा गराइने ।
Rupjyoti Institute Pvt. Ltd.
Birtamod - 5, Jhapa Opposite to Kankai Hospital, Near Hotal Heaven
E-mail:- rklebtm@gmail.com
Facebook :-www.facebook.com/rupjyotikorean
प्रो. अर्जुन बोहोरा
Tel : 023-546692 | 9814999326 | 9806090399

**झापाको बिर्तामोडदेखि इलामको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।**
दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे १ ज ५६४, मे १ ज १७९९, मे १ ज ५४६, मे १ ज ६२५, मे १ ज ३०७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०३४४ वीरेन्द्र राई

**पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ**
(हल ए) हिन्दी सिनेमा
पहिलो शो ११:४५ Housefull 4
दोस्रो शो २:४५ Housefull 4
तेस्रो शो ७:०० Housefull 4
(हल बी) नेपाली सिनेमा
पहिलो शो ११:४५ पोइ पऱ्यो कालै
दोस्रो शो २:४५ पोइ पऱ्यो कालै
तेस्रो शो ६:४५ पोइ पऱ्यो कालै
बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ ।
फोन नं. ०२३-५४६४३६
नोट : ८ गते शुक्रबारबाट प्रदर्शनमा रहने House full 4 हिन्दी चलचित्रको अग्रिम बुकिङ खुल्ला गरिएको छ ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**चितवनका अनुभवी डाक्टर बिर्ता आयुर्वेदमा**
यही मिति २०७६ कात्ति २३ गते शनिबार र २४ गते आइतबारका दिन चितवनका डा.निलकण्ठ उपाध्याय र डा.भगवान शाहद्वारा निःशुल्क स्वास्थ्य परीक्षण हुने भएकोले तुरुन्त नाम टिपाइ ढुक्क हुनुहोस् ।
उपचार हुने समस्याहरु :
ग्याष्ट्रीक, कब्जियत, पाइल्स, फिसर, फिस्टुला, पिनास, दम, खोकी, छातीको दाग, थाइराइड, सुगर, प्रेसर, महिला तथा पुरुषका गुप्त रोगहरु, जण्डिस, प्रोस्टेट, डण्डीफोर, एलर्जी, अनिद्रा, माइग्रेन, मृगौलाको पत्थरी, कम्मर, गर्दन दुख्ने, घुँडा दुख्ने, नशा च्यापिएको, शरीर झमझमाउने, कुम जाम भएको, बाथ, युरिक एसिड, प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।
बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेसँगै ठूलो सिसा भएको घर
फोन न ०२३-५४१४६६/९८०६०००३१३

**कन्काई हस्पिटल प्रा. लि.** बिर्तामोड, झापा 'विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुचमा हाम्रो स्वास्थ्य सेवा'
डा.सन्तोष कु. मिश्र — वरिष्ठ ल्याप्रोस्कोपि तथा जनरल सर्जन पिसाब विशेषज्ञ तथा इन्डोस्कोपिष्ट दैनिक सेवा
डा.रोशन अटल — वरिष्ठ हाडजोर्नी,नशा,बाथरोग विशेषज्ञ तथा ट्रमा सर्जन दैनिक सेवा
डा.पुष्पेन्द्र लिम्बु — वरिष्ठ एनेस्थेसियोलोजिष्ट तथा क्रिटिकल केयर विशेषज्ञ दैनिक सेवा
डा.डि.के. आचार्य — वरिष्ठ मुटु रोग विशेषज्ञ तथा फिजिसियन दैनिक सेवा
डा.सबिन मानन्धर — नवजात शिशु तथा बाल रोग विशेषज्ञ दैनिक सेवा
डा.मो.अक्तर अली — वरिष्ठ रेडियोलोजिष्ट तथा इमेजिङ विशेषज्ञ दैनिक सेवा
डा. गौरव राज ढकाल — MBBS, MS, ORTHO (KU), ASSI SPINE FELLOWSHIP (PARK CLINIC, KOLKATA, INDIA), NASS CLINICAL TRAVELLING SPINE FELLOWSHIP (USA), वरिष्ठ स्पाईन (मेरुदण्ड) विशेषज्ञ/सर्जन, राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डौबाट
डा. विकास जैशी MBBS, MD, DM Hepatology (NAMS) — वरिष्ठ लिभर (कलेजो, पेट, ग्याष्ट्रिक, अल्सर, जण्डिस, हेपाटाइटिस रोग विशेषज्ञ (विर अस्पताल काठमाण्डौबाट आउँदै हुनुहुन्छ।)
डा. मुक्ति आचार्य — MBBS, MD (TU) वरिष्ठ मानसिक, नशा तथा मनोरोग विशेषज्ञ
डा.रोसन आचार्य — वरिष्ठ नाक,कान,घाटी रोग विशेषज्ञ प्रत्येक बिहिबार
डा.सि.वि झा — वरिष्ठ छाला यौन तथा सौन्दर्य रोग विशेषज्ञ प्रत्येक दिन ३:०० बजे पछी ।
नेपाल सरकार स्वास्थ्य विमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं।
२४सै घण्टा उपलब्ध सेवाहरु
- आकस्मिक तथा आपतकालिन सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- आधुनिक एनलाइजर सहित प्याथोलोजी सेवा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- आधुनिक अमेरिकन कम्पनिको आर्थोस्कोपी मेसिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी
- फार्मेसि सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रशुति शल्यचिकित्सा
- हाडजोर्नी तथा नशा शल्यचिकित्सा
जानकारी तथा नाम दर्ताको लागि
०२३-५४३८०७,५४३८१८,५४००७८
९८११३३५६२४




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** मेहनत परे पनि भाग्यले राम्रै अवसर दिलाउनेछ । चुनौतिहरू स्वतः हट्ने छन् भने अवसर तथा सफलताले पछ्याउने छन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** टाढिएका मित्रगण नजिकिनाले प्रसन्नता मिल्नेछ । काममा रुची आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** अभाव हट्नुका साथै दाम, नाम र इनाम प्राप्त हुनेछ । धार्मिक अनुष्ठान र सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ । गोप्य सूचना बाहिरिनाले समस्या पर्नेछ । काम दोहोऱ्याउनुपर्ने स्थिति आउन सक्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला । समयमा साथ दिनेहरू नहुँदा दुःख पाइनेछ । बाध्यताले अप्ठ्यारो पार्न सक्छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** आँटेको काम तत्काल सम्पादन नभए पनि पछिका लागि सकारात्मक संकेत प्राप्त हुनेछ । कोशिस जारी राख्दा राम्रो होला ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ । प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । परिवेश उल्लासमय रहनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** व्यवसायले रमाइलो यात्रा गर्ने अवसर दिलाउन सक्छ । मेहनतले जीवनशैलीमा राम्रो परिवर्तन ल्याउनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** प्रियजनसँग भेटघाट हुनुका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ । गृहस्थी यात्रा रमाइलो रहनेछ । आफन्तहरूको साथले पनि नयाँ आशा जगाउनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ । प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनेछन् ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** मनग्गे फाइदा उठाउन सकिनेछ । परिश्रम परे पनि लक्ष्य प्राप्त हुनेछ । शत्रु परास्त हुनेछन् भने रोगबाट उन्मुक्ति मिल्नेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ । प्रतिस्पर्धीहरूलाई समेत पछि पार्न सकिनेछ ।

# ससुराले बुहारीलाई बोक्सी भन्दै डाम्न खोजेपछि...

**पाँचथर, कात्तिक २०।** पाँचथरको याङ्वरक गाउँपालिक-२, फलैंचामा एक महिलालाई आफ्नै ससुराले बोक्सी भन्दै डाम्न खोजेका छन् ।

हिलिहाङ गाउँपालिका-३, कुर्लुम्बा माइतीघर भएकी पूजा भारतीले आफूलाई ससुरा कान्तप्रसाद गिरीले बोक्सी भन्दै यातना दिएको बताएकी छिन् । ससुराले छिमेकी महेन्द्रप्रसाद पौडेलसँग मिलेर निर्घात कुटपिट गर्नुका साथै फलाम तताएर डाम्न खोजेको उनले बताइन् । कुटपिटपछि ससुराले डाम्नलाई फलाम तताउँदै गर्दा महेन्द्रले समाइरहेको अवस्थामा आफू फुत्किएर भाग्न सफल भएको उनले बताइन् ।

पूजा भागेर अहिले माइतीको शरणमा पुगेकी छिन् । गत भदौ ३१ गते राति कान्तप्रसाद र महेन्द्रप्रसादले आफूलाई बोक्सी भन्दै निर्घात कुटपिट समेत गरेको पूजाको भनाइ छ । सोही रात आफूमाथि भएको जघन्य अपराधविरुद्ध नजिकैको प्रहरी चौकीमा ठाडो उजुरी दिएको उनको भनाइ छ ।

यद्यपि पीडकहरुलाई तत्काल पक्राउ गरेर कारबाही गर्न प्रहरी अग्रसर नभएको पीडितको गुनासो छ । प्रहरीले निकै समय गुज्रेपछि जाहेरी बिना कारबाही गर्न नमिल्ने भनेपछि असोज २७ मा जाहेरी गरेपनि प्रहरीले पीडकलाई अझै पक्राउ नगरेको पीडित पूजाको दुःखेसो छ ।

उक्त घटनापछि कान्तप्रसाद र महेन्द्रप्रसाद हाल फरार रहेको पाँचथरका प्रहरी निरीक्षक अनिलकुमार पौडेलले जानकारी दिए । कान्तप्रसादले धामीको काम गर्ने गरेको जनाइएको छ ।

कान्तप्रसादले 'मेरो छोरो खान लागिस्, घटेर मर्न लाग्यो' भन्दै ससुराले यातना दिएको पीडित पूजाको दुःखेसो छ । सासूबाट समेत बोक्सीकै लाञ्छना पाउँदै लामो समयदेखि मानसिक यातना पाएको उनले पीडा पोखिन् । बाबु-आमाकै कुरा सुन्ने गरेका श्रीमान् तेजप्रसादबाट पनि आफू अपहेलित भएको पूजाले बताइन् । फरार आरोपितहरुको खोजी भइरहेको प्रहरी निरिक्षक पौडेलले जानकारी दिए ।

# बिर्तामोडमा टिभिएस अपाचे मोटरसाइकल र्‍याली



**बिर्तामोड, कात्तिक २०।** नेपालका लागि टिभिएस टु ह्वीलरको आधिकारिक वितरक जगदम्बा मोटर्सको संयोजनमा आयोजना गरिएको टिभिएस अपाचे सप्तरंग सिरिज २ को प्रवर्द्धन गर्न बिर्तामोडमा टिभिएस अपाचे मोटरसाइकल र्‍याली सम्पन्न गरिएको छ ।

बिर्तामोडस्थित पाथीभरा अटो लिङ्क (टिभिएस सोरुम)मा आयोजित टिभिएस अपाचे मोटरसाइकल र्‍यालीको शुभारम्भ नेपाली चलचित्रका महानायक राजेश हमालले गरेका थिए ।

बिर्तामोडस्थित पाथीभरा अटो लिङ्क (टिभिएस सोरुम)बाट शुरु गरिएको टिभिएस अपाचे मोटरसाइकल र्‍यालीले बिर्तामोड नगर परिक्रमा गरेको थियो । पाथीभरा अटो लिङ्क (टिभिएस सोरुम)का सञ्चालक सजेश शिवाकोटीको अध्यक्षता तथा नेपाली चलचित्रका महानायक राजेश हमालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा पत्रकार राजेन्द्र गौतमले स्वागत गरेका थिए ।

कार्यक्रममा महानायक हमालले सात वटा प्रदेशलाई संगीतको सूत्रले जोड्ने बृहत कार्यक्रम, सप्तरंग रहेकाले देशका सातै प्रदेशमा सांगीतिक यात्राको माध्यमबाट पर्यटकीय स्थानको प्रवर्द्धन हुने बताए । त्यस्तै गायक सुगम पोखरेलले यस्तो कार्यक्रमले संगीत र मनोरञ्जनका साथ स्थानीय कला संस्कृतिलाई उजागर गर्ने बताए ।

कार्यक्रममा टिभिएस टु ह्वीलरको आधिकारिक वितरक जगदम्बा मोटर्स नेपालका मार्केटिङ हेड नवराज कोइरालाले ग्राहकहरुलाई टिभिएससँग अझ नजिक बनाउने उद्देश्यले देशका सातै प्रदेशमा टिभिएस अपाचे सप्तरंग सिरिज २ को आयोजना गरिएको बताए । उनले नेपालले सन् २०२० लाई भ्रमण वर्षका रूपमा मनाउन लागेको सन्दर्भमा 'पर्यटन प्रवर्द्धन र समुन्नतिका लागि' भन्ने नाराका साथ आयोजना गरिएको कार्यक्रमले भ्रमण वर्षको लक्ष्य प्राप्तिमा सहयोग पुर्‍याउने बताए ।

कार्यक्रममा गायक सुगम पोखरेल, हिमाल सागर, रवि ओड, गायिका मेलिना राई, गृष्मा ब्रोडकास्टिङका अध्यक्ष गृहेन्द्र घिमिरे, सञ्चारकर्मी नरेश भट्टराई, नेपाल रेडक्रस सोसाइटीका प्रदेश कोषाध्यक्ष ओमप्रकाश गौतम, बिर्तामोड उद्योग वाणिज्य संघका कोषाध्यक्ष मनोज अग्रवाल, इनरह्वील क्लवकी लुना शिवाकोटी, पाथीभरा अटो लिङ्क (टिभिएस सोरुम)का सञ्चालकहरु याम कार्की, हेम खड्का, विपिन बस्नेत, नेपाल अटोमेकानिक ट्रेड युनियन (मोटरसाइकल)का बिर्तामोड अध्यक्ष दिपेश बस्नेत लगायतको आतिथ्य रहेको थियो । कार्यक्रमको सञ्चालन सञ्चारकर्मी स्वस्तिका आचार्यले गरेकी थिइन् ।

# भाषा प्रशिक्षार्थीका लागि जापान फाउन्डेशनले माग्यो आवेदन

**झापा, कात्तिक २०।** जापान फाउन्डेशनले जापानी भाषा प्रशिक्षार्थीहरुबाट आवेदन माग गरेको छ ।

फाउन्डेशनले सन् २०२० मा जापानमा सञ्चालन गर्ने जापानी भाषा प्रशिक्षण (टिचिङ एजुकेसन मेथड प्रोग्राम फर टिचर अफ स्पेसिफाइड स्किल्ड वर्कर क्यान्डिडेट्स अफ फिस्कल इअर २०२०) का लागि प्रशिक्षार्थीलाई आवेदन माग गरेको हो । आवेदन ५ देखि ७ नोभेम्बरभित्र दिइसक्नुपर्ने जनाइएको छ ।

रोजगारीका लागि जापान जान चाहने प्रशिक्षार्थीहरुबाट आवेदन माग गरिएको हो । जापानले अबका पाँच वर्षमा तीन लाख ५४ हजार आप्रवासी कामदार भित्र्याउने नीति अघि सारेको छ । जसमा ठूलो संख्यामा नेपाली श्रमिकहरुलाई रोजगारीको अवसर हुन सक्ने विश्वास गरिएको छ ।

नेपालबाट जापानले निर्माण, उद्योग, नर्सिङ, कृषि, होटल लगायत १४ क्षेत्रमा आप्रवासी कामदारहरुलाई प्राथमिकताका साथ लैजाने जानकारी दिएको छ । नेपालबाट लैजाने कामदारहरु सिपका साथै भाषामा समेत दक्ष हुनुपर्नेछ । पहिलो चरणमा भाषा परीक्षा पास गरेपछि उनीहरुको स्किल टेस्ट हुन्छ । स्किल टेस्टमा उत्तीर्ण भएका श्रमिकहरुले आबश्यक प्रक्रिया पूरा गरेर रोजगारीका लागि जापान जान पाउनेछन् ।

नेपालबाट रोजगारीका लागि जापान जाने श्रमिकहरुलाई भाषामा पोख्त बनाउन भाषा प्रशिक्षार्थीलाई फाउन्डेशनले प्रशिक्षण दिन लागेको श्रम मन्त्रालयका उपसचिव दीपक ढकालले नेपाल लाइभलाई जानकारी दिए । 'जापानले भाषा र सिप दुवैमा दक्ष श्रमिक लिने योजना अघि सारेको छ, त्यसका लागि भाषा प्रशिक्षार्थीहरुलाई पनि दक्ष बनाउने योजना अनुसार फाउन्डेसनले सूचना पठाइसकेको छ' -उपसचिव ढकालले भने ।

जापानले एक वर्षमा एक सय २० जनाको संख्यामा भाषा प्रशिक्षार्थीहरुलाई प्रशिक्षण दिने मन्त्रालयले जनाएको छ । यस सम्बन्धी विस्तृत जानकारीका लागि काठमाडौंस्थित जापानी दूतावासको वेभसाइट (*www.np.emb.japan.go.jp*) मा हेर्न सकिनेछ ।

# थुनुवालाई उत्प्रेरणा जगाउने कार्य

**विराटनगर, कात्तिक २०।** जिल्ला प्रहरी कार्यालय मोरङले थुनावामा रहेका बन्दीलाई सचेतना गराउने कार्यको शुरुवात गरेको छ । पाँच वटा हिरासत कक्ष रहेको कार्यालयमा महिला र पुरुषको छुट्टाछुट्टै थुनुवा कोठा छन् । विभिन्न अपराधमा पक्राउ परेका व्यक्तिको मनोविज्ञान बुझ्न प्रहरी उपरीक्षक विश्व अधिकारीले उनीहरुकै बेग्लाबेग्लै कक्षमा प्रवेश गरेर जानकारी हासिल गरेका छन् ।

छ जना महिलासहित ३४ जना हिरासतमा रहेका थुनुवालाई चाडपर्वको समापनपछि उपरीक्षक अधिकारीले हामीमा ऊर्जाशील सोच छ, यसलाई हामी सबैले सही सदुपयोग गर्नुपर्छ र यसबाट हाम्रो जीवन नकारात्मकभन्दा पनि सकारात्मक काम गर्न बल प्रदान गर्छन् भनिरहँदा थुनुवामा रहेका सबै भावविभोर भए । थुनुवामा रहेकाहरुले यो थलो कुटपिट गर्ने, यातना दिने, मानसिक तनाव दिने स्थान मात्र नभएर पाहुना जस्तै वातावरण रहेको पाइएको उनीहरुको भनाइ थियो ।

थुनुवामा रहेकाको हौसला प्रदान गर्न र यहाँ पछिको जीवन अपराधमुक्त गर्न प्रहरी अधिकारीले पहिलो पटक यो कार्य गरेको पाइएकोले उनीहरु अत्यन्त हर्षित र खुशी देखिएका थिए । मोरङ प्रहरीको हिरासतमा सबैभन्दा बढी अभद्र व्यवहार कार्यमा म्याद थप गरिएका अभियुक्तहरु छन् । हिरासतमा १४ जना अभद्र व्यवहार मुद्दाका, लागूऔषधका पाँच जना, बहुविवाहका तीन जना, चोरी ठगिका एक जना, जबरजस्ती करणीका दुई जना, विष्फोटक पदार्थका चार जना, बैंकिङ कसुरका एक जना र हातहतियार मुद्दाका एकजना अभियुक्त छन् ।

# अध्यागमन कार्यालय सञ्चालनमा आएन

**इलाम, कात्तिक २०।** इलामको सूर्योदय नगरपालिकास्थित पशुपतिनगर नाकामा अध्यागमन कार्यालय अझै सञ्चालनमा आएको छैन ।

उक्त नाकामा भारतीय पक्षबाट अध्यागमन कार्यालय स्थापना नगरिदिएका कारण नेपालको अध्यागमन कार्यालयले सेवा दिन नसकेको हो ।

भारतीय पक्षले पनि फाटक नाकामा अध्यागमन कार्यालय खोलेपछि मात्र नेपालतिरको कार्यालय काममा आउने बताइएको छ ।

भारततर्फ पनि तत्काल कार्यालय खुल्ने भनिएपनि अहिलेसम्म खोलिएको छैन । तेस्रो मुलुकबाट आउने पर्यटकलाई नेपाल प्रवेशको अनुमति दिने र तेस्रो मुलुकका पर्यटकलाई भारत प्रवेश गर्दा भिषा दिने काम गर्ने यो कार्यालय भारततिर कार्यालय नखोलुञ्जेल सेवाविहीन बनेको छ ।

सात जना कर्मचारीको दरबन्दी रहेको अध्यागमन कार्यालय पर्यटन सूचना केन्द्र रहेको भवनमा राखिएको बताइएको छ ।

# निर्वाचन सम्बन्धमा जरुरी सूचना

यस साना मझौला व्यवसायी साकोसको मिति २०७६/०७७ बाट २०७९/२०८० चार वर्षका लागि सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिका तपशिल बमोजिमका पदका लागि निम्नानुसारको निर्वाचन कार्यक्रमहरु राखिएको हुँदा साधारणसभा तथा अधिवेशनमा प्रतिनिधित्व गर्ने सम्पूर्ण मतदाता प्रतिनिधिज्यूहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निर्वाचन गर्नपर्ने पद**

१) अध्यक्ष – पद संख्या – १ (एक)
२) उपाध्यक्ष – पद संख्या – १ (एक)
३) सचिव – पद संख्या – १ (एक)
४) सह सचिव – पद संख्या – १ (एक)
५) कोषाध्यक्ष – पद संख्या – १ (एक)
६) सदस्य – पद संख्या – ४ (एक)
७) लेखा सुपरीवेक्षण समिति – संयोजक १
लेखा सुपरीवेक्षण समिति – सदस्य २

**निर्वाचन कार्यक्रम निम्नानुसार रहेको छ ।**

१) मतदाताहरुको प्रथम नामावली प्रकाशन : २०७६/०७/२१ गते दिनको ३:०० बजे ।
२) मतदाताहरुको प्रथम नामावलीमा दाबी विरोध : २०७६/०७/२२ गते दिनको ११:०० बजेसम्म ।
३) मतदाताहरुको प्रथम नामावलीमा दाबी विरोध छानविन र निर्णय– २०७६/०७/२२ दिनेका १:०० बजे ।
४) मतदातहरुको अन्तिम नामावली प्रकाशन : २०७६/०७/२२ दिनको २:०० बजे ।
५) उम्मेदवारहरुले उम्मेदवारको मनोनय पत्र दाखिला : २०७६/०७/२३ गते ११:०० बजेदेखि १:०० बजेसम्म ।
६) उम्मेदवारहरुले प्रथम नामावली प्रकाशन : २०७६/०७/२३ दिनको २:०० बजे ।
७) उम्मेदवारहरुको प्रथम नामावली माथि दाबी, विरोध तथा छानविन : २०७६/०७/२३ गते
८) उम्मेदवारहरुको दोस्रो नामावली प्रकाशन : २०७६/०७/२३ दिनको ३:०० बजे ।
९) उम्मेदवारहरुको उम्मेदवारी फिर्ता : २०७६/०७/२३ दिनको ३:०० बजेदेखि ३:३० बजेसम्म
१०) उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशनः २०७६/०७/२३ गते दिनको ४:३० बजे ।
११) निर्वाचन : २०७६/०७/२४ गते दिनको १२:३० बजेदेखि ३:०० बजेसम्म ।
१२) मतगणना : २०७६/०७/२४ गते दिनको ३:३० बजेदेखि ४:३० बजेसम्म
१३) निर्वाचन परिणाम घोषणा : २०७६/०७/२४ गते बेलुका ५:०० बजे ।

*निर्वाचन सम्बन्धमा अन्य जानकारीका लागि मुख्य कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।*

**निर्वाचन उप–समिति**

**साना मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्था लि.**, मुख्य कार्यालय बिर्तामोड, झापा

## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| ओमप्रकाश साह | राजगढ–७ | ७१<br>७२ | ६५५०.००<br>६३९०.०० | रबि/रबिया यादव<br>रबि/रबिया यादव |
| ओमप्रकाश साह | राजगढ–७ | ७० | २३३५.०० | सवतलाल साह/सबुतलाल साहुतेली<br>सबुन लाल |
| ओमप्रकाश साह | राजगढ–७ | ५८३ | ७९७८.०० | सबदास नगद साह सवुहाडी<br>सर्तुदास यादव<br>सेचु हाडी/नागरु साहु तेली<br>सेचु हाडी साहुतेली |




# महिलालाई अश्लील सन्देश पठाएपछि...

**विराटनगर, कात्तिक २०।** महिलालाई सामाजिक सञ्जालमार्फत अश्लील सन्देश पठाएको आरोपमा प्रहरीले विराटनगरबाट एक जनालाई पक्राउ गरेको छ ।

बिराटनगर पुष्पलाल चोककी महिलाले दिएको उजुरीका आधारमा प्रहरीले विराटनगर महानगरपालिका वडा नं. ३ भट्टा चोकमा बस्दै आएका खेमराज नेपाललाई प्रहरीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मोरङका डीएसपी राजकुमार खिइजुले जानकारी दिए ।

विराटनगर पुष्पलाल चोककी एक महिलाले दिएको उजुरीका आधारमा पक्राउ परेका नेपाललाई अभद्र व्यवहार मुद्दा दर्ता गरिएको खिइजुले बताए । प्रहरीका अनुसार आइतबार राति नेपालले महिलालाई सामाजिक सञ्जाल फेसबुकको म्यासेञ्जरमा अश्लील सन्देश पठाएका थिए ।

सामाजिक सञ्जालमार्फत गरेको दुर्व्यवहारमा साइबर क्राइम मुद्दा आकर्षित हुन्छ । तर, पीडित महिलाले साइबर क्राइम मुद्दा चलाउन नमानेपछि अभद्र व्यवहार मुद्दा दर्ता गरेको खिइजुले बताए ।

**UAE र OMAN मा रोजगार |** 1. Company : NESTO MANAGEMENT OFFICE
City : AJMAN, UAE

LT. No.: 225455

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | महिला | AED | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Sales | 150 | 25 | 1200 | ३६,९६० |
| 2. | Warehouse Worker | 20 | 0 | 1000 | ३०,८०० |
| 3. | Bottle Washer | 20 | 0 | 1000 | ३०,८०० |
| 4. | Cashier | 25 | 0 | 1200 | ३६,९६० |

२. कम्पनी : EAST WEST COMPANY L.L.C. OMAN

LT. No.: 197621

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | महिला | OR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Salesman | 70 | 0 | 140 | ४१,०८० |
| 2. | Cook | 25 | 0 | 150 | ४४,०२० |
| 3. | Juice Maker. | 10 | 0 | 140 | ४१,०८० |
| 4. | Baker | 10 | 0 | 140 | ४१,०८० |
| 5. | Fish Maker | 10 | 0 | 140 | ४१,०८० |
| 6. | Meat Cutter | 10 | 0 | 140 | ४१,०८० |
| 7. | Flower Arranger-lady | 0 | 1 | 140 | ४१,०८० |
| 8. | Pastries Manufacture | 15 | 0 | 140 | ४१,०८० |

प्रि-अन्तर्वार्ता धमाधम भैरहेको छ । फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट होटल कोहिनुर, विर्तामोड, झापामा कातिक २५ गते (11 Nov. 2019) मा हुनेछ ।

Deluxe HR Solution (P.) Ltd.
बिजुलीबाजार पुल नजिक, काठमाण्डौ, फोन : 9801445552, 9801445551

**UAE मा वैदेशिक रोजगारको अवसर**
**UAE को DPS मा SECURITY GUARD को आवश्यका**

Company Name: Ejadah Arcon Security Service LLC

पूर्व स्विकृति मिति: 2018/09/16 | LT No. 213377

| क्र.स. | कामदारको पद | माग संख्या पुरुष | मासिक तलब AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 1782 | 53400 | कं नि. अनुसार | ८ घन्टा | ६ दिन | कं नि. अनुसार | छैन | छ | २ वर्ष |

नोट: १)-कम्तीमा SLC Pass, English लेखपढ गर्न सक्ने हुनुपर्ने छ । २)- X-Police, X- Army तथा Civil Security Guard अथवा Security guard सम्बन्धित तालिम प्राप्तले आवेदन दिन सक्ने छ । ३)- उचाई 5.5", तौल 65 KG उमेर 23 देखि 40 वर्ष सम्मको हुनुपर्ने छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | रोजगारमा बिमा हुने/नहुने र कसले ब्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | दरखास्त बुझाउनु पर्ने स्थान | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | हुने रोजगारदाता कम्पनी | नि:शुल्क | नि:शुल्क | कार्यालय भवनमा | १०,०००/- |

प्रि अन्तरवार्ता धमाधम भईरहेको छ । फाइनल अन्तरवार्ता यहि कार्तिक २२ गते मोक्ष होटलमा हुनेछ ।

नोट:- बेसिक १७८२ AED भएता ओटी सहित २६ दिनको २२६५ AED को ग्यारेन्टि गरीने छ

प्याराडाईज इन्टरनेशनल प्रा. लि.

Mob.: 9801074705 9802078705, 9801458705, 9824097532 9844662379.

# पोकली झरना पर्यटक लोभ्याउँदै

ओखलढुंगा जिल्लाको पश्चिमी भेगमा पर्ने देशकै दोस्रो अग्लो पोकली झरनामा पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटक बढेका छन् । विगतमा ओखलढुङ्गा र आसपासकै केही युवामात्रै झरनामा पुगेर रमाउने गरेका भए पनि अहिले झरना हेर्नकै लागि आन्तरिक तथा बाह्य पर्यटक आउन थालेका लेतीका रामप्रसाद घिमिरेले बताए ।

'पहिला त गाउँका मान्छे मात्रै फुर्सद मिलाएर जान्थे', उनले भने- 'अहिले त देशका विभिन्न ठाउँदेखि मात्रै होइन विदेशी पनि झरना हेर्नकै लागि भनेर आउँछन् ।' उनका अनुसार मौसम सफा भएको समयमा दैनिक ४०-५० सम्मले झरनाको अवलोकन गर्ने गरेका छन् ।

महोत्सवसहितका कार्यक्रम गरेर झरनाको प्रचार-प्रसार भएसँगै यहाँ पुग्ने पर्यटकको संख्या पनि ह्वात्तै बढेको पोकली झरना सेवा समाजका संस्थापक अध्यक्ष गुरुकेदार बरालले बताए । 'हामी पोकली छाँगो भन्थ्यौँ, त्यो छाँगो अहिले झरना भयो' -उनले भने- 'हामीले त्यसको महत्व बुझेर जब प्रवर्द्धन गर्न लाग्यौँ, त्यो छाँगो नै हाम्रो मुख्य सम्पत्ति रहेछ, पहिल्यै विकास गर्न पाएको भए अहिलेसम्म धेरै राम्रो भइसक्थ्यो होला ।' उनकै नेतृत्वमा वि.सं. २०६३ मा झरना सेवा समाज गठन गरेर आधिकारिकरूपमा प्रवर्द्धन थालिएको थियो ।

वि.सं. २०६४ मा बालकृष्ण ढुंगेल निर्वाचित भएपछि पहिलोपटक झरनालाई पर्यटकीय क्षेत्रका रुपमा विकास गर्ने योजना अघि सारिएको थियो । ढुंगेलकै पहलमा झरनाको पर्यटन प्रवर्द्धनका लागि वि.सं. २०६५ वैशाख २२ गते पर्यटन महोत्सव गरिएको थियो । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले महोत्सवको उद्घाटन गरेका थिए । जिल्लाको लिखु गाउँपालिकामा पर्ने सो झरना १३० मिटर उचाइको छ । गत वर्षबाट उक्त झरना अङ्कित हुलाक टिकट समेत प्रचलनमा छ ।

समुद्री सतहदेखि करिब दुई हजार दुई सय मिटर उचाइमा सो झरना रहेको छ । कर्णाली प्रदेशको कालिकोटस्थित एक सय ४८ मिटर उचाइको पचल झरना नेपालको पहिलो उचाइको र पोकली दोस्रो झरना मानिन्छ । लिखुखोलाको उत्तरपूर्वबाट झर्ने सो झरना नजिकै पर्ने घना जङ्गलले ढाकेको गौरी वन अर्को आकर्षण हो । खोलाको चट्टाने भागमा बजारिँदै झरेको पानीको बेगले आनन्द दिन्छ । चट्टानमा पानी ठोक्किएर आकाशबाट पानी दर्किंदा घामको झुल्को र अस्ताउने बेला इन्द्रेणी लाग्छ ।

उक्त झरनासँग सम्बन्धित थुप्रै किंवदन्ती छन् । झरनाको दुई सय मिटर तल हाँडीदह छ । परापूर्वकालमा झरना आसपासमा रिट्ठे झाँक्री बसोबास गर्ने र गाउँमा आवश्यक पर्दा हाँडीदहमा धुप हालेर प्रार्थना गरेपछि भाँडाकुँडा दहबाट निस्कने गरेको जनविश्वास छ । सुनुवार र ब्राह्मण समुदायको बाहुल्यता रहेको पोकली झरना क्षेत्र आसपासमा तामाङ, शेर्पासहित अन्य जातजातिको पनि बसोबास छ । बहुसांस्कृतिक एवम् बहुधार्मिक पहिचानको सम्भाव्यता बोकेको पोकली क्षेत्रमा पुग्ने पर्यटकलाई स्थानीयबासीले लोभलाग्दो जातीय झाँकी देखाउँछन् ।

पहाडी क्षेत्रको उत्कृष्ट भूगोल भएको सो झरना क्षेत्र सहासिक खेल 'क्यानोनिङ' को समेत सम्भावना बोकेको ठाउँ हो । त्यसका लागि सम्भाव्यता अध्ययन गरिसकिएको छ । झरनाको नजिकै निर्माण गरिएको माधव मन्दिरले उक्त क्षेत्रलाई धार्मिकस्थलका रूपमा समेत चिनाएको छ । माधवलाई भगवान् शिवको पुरानो रूपसमेत मानिन्छ । झरनासम्म पुग्न पक्की सिँढी र झरना दर्शन गर्न नजिकै झोलुङ्गे पुल निर्माण गरिएको छ ।

धान झुलेको र गुँरास फुलेको बेला पर्यटकीय आकर्षण थप्ने पोकली झरना हिउँदको समयमा पानी कम भए पनि महोत्सवसहितका कार्यक्रम गरेर स्थानीयबासीले पर्यटकको आवागमन बढाइरहेका छन् । यही कात्तिक १६ र १७ गते पनि पोकली झरना सांस्कृतिक महोत्सव भएको थियो । झरना र आसपास क्षेत्रमा रहेका जिल्लाका सम्भावित पर्यटकीयस्थलको प्रवर्द्धनार्थ कार्यक्रम गर्ने गरिएको झरना सेवा समाजका अध्यक्ष मिलन विष्टले जानकारी दिए । सो झरना हुँदै सगरमाथाको दृश्यावलोकन गर्न थोलेदेम्बा-पिकेसम्मको पदयात्रा समेत त्यहाँबाट गर्न सकिन्छ ।


पोकलीमा सन् २०२० मा २० हजार पर्यटक ल्याउने स्थानीय अगुवाको योजना छ । 'नेपाल पर्यटन वर्ष २०२०'मा घुम्नुपर्ने सय पर्यटकीय गन्तव्यमा उक्त झरनालाई सरकारले समेटेपछि हौसिएका स्थानीयबासीले पर्यटक ल्याउन होडबाजी गरिरहेका छन् । केही दिनअघि मात्रै झरनाको प्रचारप्रसारका लागि स्थानीयवासीले झरना महोत्सव सम्पन्न गरेका छन् । झरनालाई विश्वमा प्रचार गर्न वृत्तचित्र समेत बनाइएको छ ।

जिल्ला सदरमुकामदेखि पश्चिममा पर्ने सो झरना पुग्न सदरमुकामबाट १२ घण्टा पैदलयात्रा गर्नुपर्छ । सदरमुकाम जोड्ने कच्ची सडकको यात्रा बसमा करिब पाँचदेखि छ घण्टा लाग्छ । तर, राजधानी काठमाडौंदेखि सोझै पोकली झरना पुग्न भने करिब राजधानी काठमाडौँबाट एक सय ८३ किलोमिटर दूरीमा रहेको झरनासम्म यातायातको पहुँच छ । काठमाडौँबाट सिन्धुलीको खुर्कोट, रामेछापको मन्थली-धोवी-शिरिसे हुँदै झरनास्थल पुग्न सकिन्छ ।


राजधानीबाट रामेछापको मन्थली नजिक हलेदेसम्म पक्की सडक छ । त्यहाँबाट करिब तीन घण्टा कच्ची सडकमा यात्रा गर्नुपर्छ । जिल्लामा मानेभञ्ज्याङस्थित लिब्जु मन्दिर दर्शन गरेर सदरमुकाममा सिद्धिचरण श्रेष्ठको जन्मभूमि, स्रष्टापार्क, लगलगे भ्यूटावर अवलोकन गरी ठाडेको घरवासमा बास बसेर भोलिपल्ट बिहान जन्तरधाप हुँदै देशका अग्ला सात डाँडामध्येको एक थोलेदेम्बा हुँदै पोकली झर्न सकिन्छ । त्यहाँ बसोवासका लागि घरवासको पनि शुरुवात गरिएको छ ।

सरकारले सय गन्तव्यको सूचीमा राखेसँगै पोकली झरनाको प्रवर्द्धनका लागि पूर्वाधार निर्माणको काम थालिएको छ । संघीय सरकारको रु. २५ लाख, प्रदेश सरकारको रु. ५० लाख र गाउँपालिकाको रु. १० लाख बजेट विनियोजन गरिएको छ । सांसद यज्ञराज सुनुवारले पनि सांसद विकास कोषमार्फत रु. ५० लाख विनियोजन गरेका छन् । विनियोजित बजेट पर्यटकीय पूर्वाधार निर्माणमा खर्च गर्नेगरी पोकलीको विस्तृत गुरुयोजना तयार हुँदैछ ।

वृत्तचित्र निर्माण, फनपार्क, झरना आसपासमा सिंढी निर्माण तथा त्यस क्षेत्रमा २५ घरवास, बसपार्क निर्माणलगायत ऐतिहासिक सम्पदाको संरक्षणका लागि आवश्यक पूर्वाधार निर्माणका लागि विस्तृत अध्ययन गरेर डिपिआर बनाउने काम भइरहेको समाजका महासचिव शम्भु बरालले जानकारी दिए । डिपिआरमा पोकली झरना क्षेत्रमा चिल्ड्रेनपार्क, स्विमिङ पुल, सिसाको पुल, गौतमबुद्ध र शिव-पार्वतीको मन्दिरजस्ता संरचनाको डिजाइन गरिनेछ ।



## सोमवार आकाशमा अदभुत दृश्य देखिने



**झापा, कात्तिक २०।** आगामी सोमबार सूर्यमा सानो दाग देखिन लागेको छ ।

हरेक सय वर्षमा १३ पटक बुध ग्रह सूर्यको अगाडिबाट निस्कँदा सूर्यको अनुहारमा दाग बन्छ । यो दुर्लभ घटना कात्तिक २५ गते हुँदैछ । बुधका कक्षहरूलाई पृथ्वीबाट हेर्दा बुध सूर्यको माथि वा तलबाट घुम्दै गएको देखिन्छ ।

कहिलेकाहीँ पृथ्वी र बुधका कक्षहरू आमनेसामने आउँछन् र बुध पृथ्वी तथा सूर्यको बीच भएर जान्छ । यस्तो हुँदा पृथ्वीबाट हेर्दा बुध ग्रह सानो विन्दु जस्तो देखिन्छ । त्यसको व्यास सूर्यको व्यासको तुलनामा ०.५ प्रतिशत हुन्छ ।

अमेरिकी अन्तरिक्ष नियोग नासाले पृथ्वीबाट बुध र शुक्र ग्रह मात्र सूर्यको अगाडि भएर गएको देख्न सकिने जनाएको छ । त्यसैले सोमवारको घटना दुर्लभ हो र त्यसलाई हेर्ने इच्छा धेरैमा हुनुपर्छ । सही उपकरणहरूका साथ पृथ्वीको कुनै पनि भागबाट मानिसहरूले सूर्यको अगाडि सानो विन्दु बिस्तारै अगाडि बढेको देख्न पाउनेछन् ।

नासाले सूर्यलाई नांगो आँखाले हेर्ने वा टेलिस्कोपमा पनि सुरक्षा व्यवस्था नमिलाइकन हेर्ने गरेमा आँखाको ज्योति जानसक्ने चेतावनी दिएको छ । सोलर फिल्टर लगाएर हेर्नुपर्ने नासाले जनाएको छ ।

## विद्यार्थीलाई न्यानो कपडा

**बिर्तामोड, कात्तिक २०।** महेन्द्र रत्न मावि कचनकवल-४ का गरीब तथा जेहेन्दार विद्यार्थीलाई जाडोको न्यानो कपडा वितरण गरिएको छ ।

५६ जना विद्यार्थीलाई निरकुमार श्रेष्ठ, केशरकुमारी मगर, पदमबहादुर श्रेष्ठ लगायतले स्वीटर वितरण गरेका हुन् । पिके श्रेष्ठ ज्वेलर्स सुकुनाढिकी, केशरी फेन्सी स्टोर र रिलायवल नेपाल लाइफ इन्स्योरेन्सको सहकार्यमा उनीहरुलाई जाडोको कपडा प्रदान गरिएको हो ।

विद्यालयका प्रधानाध्यापक मोहनप्रसाद राजवंशीको उपस्थितिमा विद्यार्थीलाई पोशाक प्रदान गरिएको थियो । पोशाक वितरण कार्यक्रममा नेपाली कांग्रेसका कालेन्द्र राजवंशी, ट्रेड युनियनका अध्यक्ष सञ्जिव प्रधान, गाउँपालिकाका सदस्य हेमलाल गणेश, आयुग मिया, रिलायवल नेपाल लाइफ इन्स्योरेन्सका बिर्तामोड शाखा प्रबन्धक तफिक आलम शेख, एक्सल डेभअपमेन्ट बैंकका बनियानी शाखा प्रबन्धक राजन ढकाल लगायत सहभागी थिए ।

## विरामी बेस्रालाई घर बनाउन जग्गादान

**कचनकवल, कात्तिक २०।** झापाको कचनकवल गाउँपालिका वडा नम्बर ७ बनियानी निवासी बिरामी नारायण बेस्राको परिवारलाई घर बनाउन समाजसेवी कमल खतिवडाले एक कठ्ठा जग्गा निःशुल्क उपलब्ध गराउने र सो क्षेत्रका प्रदेश सांसद बसन्त बानियाँले घर बनाइदिने घोषणा गरेका छन् ।

बैदेशिक रोजगारीको क्रममा कतारमा काम गर्ने क्रममा उच्च रक्तचापकका कारण पक्षघात भएर घर फर्किएका बेस्रा हाल खर्च अभावमा उपचार गर्न नसकेर घरमै रहेको वडाध्यक्ष कुलबहादुर कार्कीले जानकारी दिए ।

बेस्राको उपचारमा सहयोग गर्न कतारमै रहेका नेपालीहरुले उठाएर पठाएको रकम बेस्रा परिवारलाई हस्तान्तरण गर्दै सामाजिक अगुवाद्वयले उक्त घोषणा गरेका हुन् । आफ्नो स्वामित्वमा जग्गा समेत नरहेको सुकुम्बासी बेस्रा परिवारलाई स्थानीय सामाजिक अगुवा खतिवडाले एक कठ्ठा जग्गा उपलब्ध गराउने र प्रदेशसभा सदस्य बानियाँले घर बनाईदिने बताएको वडाध्यक्ष कार्कीले बताए ।

उनको उपचारका लागि 'नेपाल बुरु झर्ना सन्थाल समूह परिवार कतार' र 'सिर्जनशील बचत समूह क़तार' साथै अन्य व्यक्तिहरूबाट प्राप्त एक लाख २६ हजार सात सय ३७ रुपैयाँ बेस्रा परिवारलाई हस्तान्तरण गरिएको पनि वडाध्यक्ष कार्कीले बताए ।

## मर्निङ वाकमा निस्केकी किशोरी बेपत्ता

**झापा, कात्तिक २०।** मर्निङ वाकका लागि निस्किएकी कञ्चनपुरकी एक किशोरी दुई दिनदेखि बेपत्ता भएकी छन् ।

कञ्चनपुरको बेदकोट नगरपालिका-१ चम्फापुरकी १५ वर्षीया सपना पाल मंगलबार बिहानदेखि बेपत्ता भएकी हुन् । परिवारले उनको अपहरण भएको आशंका गरेको छ । मर्निङ वाकमा निस्किएकी सपना नफर्केको भन्दै परिवार र आफन्तले खोजीका लागि निवेदन दिएको कञ्चनपुर प्रहरीले जनाएको छ । उनीहरुले मंगलबार दिउँसै अस्थायी प्रहरी बिट चम्फापुरमा निवेदन दिएका हुन् । सोमबार साँझ सपनाले नै आमा ममताको मोबाइलमा आफूलाई अपहरण गरी बाँधेर राखेको र छिट्टै छुटाउन भन्दै म्यासेज गरेकी थिइन् ।

सोही म्यासेजका आधारमा उनको अपहराण भएको आशंका गरिएको परिवारको भनाइ छ । 'घरको दोस्रो तलामा बाँधेको छ, कहाँ हो भन्ने थाहा छैन' -सपनाले गरेको म्यासेजको ब्यहोरा बताउँदै ममताले सुनाइन्- 'कहिले पुरुष आउँछ, कहिले महिला आउँछिन्, मलाइ छिट्टै छुटाएर लैजानुस् ।' मंगलबार बिहान सपना हरेक दिन झैं साढे ५ बजे घरबाट निस्केकको बताइएको ।

प्रहरीले म्यासेज आएको मोबाइलको अन्तिम लोकेसन कैलालीको अत्तरिमा देखिएको जानकारी दिएको छ । सोही अनुसार मंगलबार रातभरि अत्तरियमा खोजी गरिए पनि कुनै पत्ता नलागेको जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी निरीक्षक कृष्णदेव भट्टले बताएका छन् । उनले किशोरीको खोजी कार्य चलिरहेको भट्टले बताए । उनले प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले खोजी कार्य गरिरहेको बताएका छन् ।



# काजु खानुका फाइदा

महँगो ड्राइ फ्रुट हो काजु । निम्न आर्थिक अवस्था भएका व्यक्तिले नियमित काजु खान सक्दैनन् । महँगो भए पनि काजुका फाइदा भने अनगिन्ती छन् । ड्राइ फ्रुटको राजा मानिने काजु सबै उमेर समूहको मानव जीवनलाई फाइदा पुऱ्याउने खाद्य हो ।

थोरै खादा पनि धेरै फाइदा पुर्‍याउने काजुमा मेग्निसियम, कपर, आइरन, पोटासियम लगायतका तत्व भरपुर मात्रामा पाइन्छ । यी तत्वले शरीरलाई स्वस्थ राख्न मद्दत गर्छ । त्यसैले हरेक दिन दुई या तीन पिस मात्र पनि काजुको सेवन स्वास्थ्यका लागि निकै लाभदायक मानिन्छ । काजुलाई ऊर्जाको राम्रो स्रोत मानिन्छ । केही काम नगर्दा पनि थकान महशुस हुन्छ अथवा काम गर्ने मुड बन्दैन भने काजु खानाले शरीरमा ऊर्जा थपिन गई फूर्ती आउँछ ।

काजुमा प्रोटिनको मात्रा उच्च हुन्छ । त्यसैले काजु खाने गर्नाले अनुहार चम्किलो बन्छ । काजुलाई पानीमा भिजाएर पिस्ने र बनेको लेपले अनुहारमा मसाज गर्नाले अनुहार अझ बढी चम्किलो हुन्छ । काजुमा एक प्रकारको तरल पाइन्छ, जसमा भिटामिन-बी प्रचुर मात्रामा हुन्छ । यसले दिमाग तेजिलो बनाउँछ । काजु खानाले शरीरमा युरिक एसिड फर्मेसन हुँदैन । युरिक एसिडको समस्या भएकालाई ड्राइफुड उपयुक्त मानिँदैन । तर, त्यस्ता मानिसले पनि निर्धक्कसँग काजु खान सक्छन् ।

काजुमा सोडियमको मात्रा कम हुन्छ र पोटासियमको मात्रा बढी हुन्छ । त्यसैले काजु खाने गर्नाले रक्तचाप नियन्त्रित अवस्थामा रहन्छ । हरेक बिहान काजु खाने गर्नाले कोलेस्टेरोलको मात्रा नियन्त्रित रहन्छ । काजुमा कार्बोहाइड्रेट, प्रोटिन, आइरन, जिंक, म्याग्नेसियम, कपर आदि पाइन्छ । यी तत्वले हड्डी तथा दाँत बलियो बनाउनुका साथै शरीरका सबै प्रणालीलाई चुस्त राख्छन् ।

काजु प्रोसेसिङ गर्ने काम पनि निकै कठिन मानिन्छ । सामान्यतया काजुलाई हातले छोडाउनुपर्ने हुनाले लेबर कस्ट ज्यादा पर्छ । त्यसैले पनि काजु महँगो पर्न गएको हो । काँचो काजु चाहिँ नखाँदा बेस मानिन्छ, किनकि काँचो काजुमा उरुसिओल नामको एक किसिमको टक्सिन केमिकल पाइन्छ, जसले शरीरमा पोइजन हुने डर पर्याप्त हुन्छ ।

**काजुमा कुन तत्व कति पाइन्छ ?**

युएस डिपार्टमेन्ट अफ एग्रिकल्चरका अनुसार एक वन्स अर्थात् २८.३५ ग्राम काँचो काजुमा १५७ क्यालोरी पाइन्छ र ८.५६ ग्राम कार्बोहाइडेट, १.६८ ग्राम सुगर, ०.९ ग्राम फाइबर, ५.१७ ग्राम प्रोटिन, १२.४३ ग्राम चिल्लो पदार्थ, १० मिलिग्राम क्याल्सियम, १.८९ एमजी आइरन, ८३ एमजी म्याग्निसियम, १६८ एमजी फस्फोरस, १८७ एमजी पोटसियम, ३ एमजी सोडियम, १.६४ एमजी जिन्क पाइन्छ । एक वन्स अर्थात् २८ ग्राममा लगभग १८ दाना काजु रहन्छ । साथै काजुमा भिटामिन सी र भिटामिन बी पनि पाइन्छ ।

**परिकारमा काजु**

भारतीय भन्सा काजु बिना अधुरो रहन्छ । परापूर्वकालदेखि भारतमा मुग्लाइहरुले खानामा काजु मिसाएर खाँदै आएका छन् । चाहे ग्रेभीमा होस् या बिर्यानीमा, काजुको मात्रा राख्नैपर्ने उनीहरुको नियम थियो, जुन अहिलेसम्म चलिरहेको छ । आधुनिक पकवानमा पनि भन्सामा काजु बिना अधुरो रहन्छ । ह्वाइट ग्रेभीमा होस् या रेड ग्रेभी, ब्राउन ग्रेभी नै किन नहोस् काजु मिसाइएकै हुन्छ । काजुको पेस्ट विभिन्न अन्य साकाहारी सब्जीका परिकारमा पनि हाल्ने गरिन्छ ।

कबाब, मिठाइ, खिर तथा केकमा पनि काजुको मात्रा प्रसस्त मिसाइन्छ । काजुको पेस्टले खानालाई अतिरिक्त स्वाद थप्ने मात्र होइन, मुलायनपन दिनुको साथै स्वादिस्ट पनि बनाउँछ । स्वास्थ्यका हिसाबले पनि काजु निकै उपयोगी हुने हुँदा घरायसी पकवानमा पनि प्रयोग हुन थालेको छ । होटलहरुमा अति विशिष्ट पाहुनाहरुको स्वागतका लागि पनि काजु रोस्ट गरेर टक्र्याउने चलन छ । काजुको बर्फी पनि अति स्वादिस्ट मिठाइमा गणना गरिन्छ । चाइनिज या थाई किचनमा पनि काजुका यावत परिकार बनाइन्छ । स्न्याक्स होस् या मेन कोर्स, फिस होस् या चिकन, काजुको प्रयोग गरिएकै हुन्छ । कुनै खानामा काजुलाई पिरो बनाएर प्रयोग गरिन्छ त कुनैमा माइल्ड हिसाबले मिसाइएको हुन्छ ।

**नियमित काजु खानुका फाइदा**

- दाँतलाई मजबुत तुल्याउन ठूलो भूमिका खेलेको हुन्छ ।
- कपाल चमकदार बनाउन पूर्णरुपमा मद्दत पुर्‍याउँछ ।
- आँखाको तेज बढाउन पनि काजुले ठूलो भूमिका खेलेको हुन्छ ।
- गर्भवतीको लागि काजु बरदान मानिन्छ । जसले आमा र बच्चा दुवैलाई फाइदा पुर्‍याएको हुन्छ ।
- कब्जियतबाट टाढा रहन पनि नियमित काजु खाँदा फाइदा पुग्छ ।
- सधैं ताजगी र स्वस्थ, स्फुर्त रहन काजु निकै उपयोगी मानिन्छ ।
- नियमित काजु खानाले सेक्स क्षमतामा वृद्धि हुन्छ ।
- हड्डी मजबुत गराउँछ ।
- कमजोर महशुस हुनेलाई मजबुत हुन मद्दत गर्छ ।
- अनुहारको छालामा चमक ल्याउँछ ।
- कुनै साइड इफेक्ट गर्दैन ।
- मुड अपसेट हुँदा काजु सेवन गर्नाले स्वतः निराशा हटेर जान्छ ।
- थकान मेटाउन सहयोग पुर्‍याउँछ ।
- जुनसुकै उमेरकाले खाँदा पनि कुनै असर नपुर्‍याउने ।
- शरीरलाई आवश्यक पोषणतत्व प्रदान गर्छ ।
- डायबेटिज नियन्त्रण गर्न मद्दत पुर्‍याउँछ ।
- मुटु बलियो बनाउँछ र डर लाग्ने जस्ता रोग नियन्त्रण हुन्छ ।
- कोलेस्टेरोल घटाउन सहयोग पुऱ्याउँछ ।
- रक्तचाप नियन्त्रण गर्न प्रमुख भूमिका खेल्छ ।
- काजुले दिमाग तेजिलो बनाउन ठूलो भूमिका खेलेको हुन्छ ।
- तनाव घटाएर थकान हुनबाट बचाउँछ ।

## शुक्रबारदेखि 'जीवन काँडा कि फूल'

साहित्यकार झमककुमारी घिमिरेको कृति 'जीवन काँडा कि फूल' मा आधारित चलचित्र यही कात्तिक २२ गतेदेखि देशभर प्रदर्शन हुँदैछ । उक्त कृतिमा आधारित रही चलचित्रमा निर्देशक विनोद विष्टले घिमिरेको जन्मदेखि मदन पुरस्कार प्राप्त गरेको समयसम्मलाई समेटेका छन् । बिष्ट ब्रदर फिल्म प्रालिको ब्यानरमा निर्माण गरिएको चलचित्रमा मुक्ति उपाध्याय बरालको पटकथा-संवाद तथा घिमिरे र प्रकाश सिवाकोटीका गीत छन् जसमा जुनु गौतमको स्वर छ । गौतम चलचित्रको सहनिर्माता समेत हुनुहुन्छ । चलचित्रको प्रिमियर सो अष्ट्रेलियाको भियनामा गरिसकिएको छ ।

साहित्यकार घिमिरेले अपाङ्गता भएकै कारण बाल्यकालमा भोग्नुपरेको सामाजिक, पारिवारिक घृणा र तिरस्कारको विषय चलचित्रमा प्रस्तुत गरिएको छ । घिमिरेको जन्मस्थान धनकुटा, धरानको वीपी मेमोरियल अस्पताल र काठमाडौंको रातो बङ्गलामा चलचित्र छायांकन गरिएको छ । शिशुदेखि ज्येष्ठ नागरिकसम्मले मन पराउने अपेक्षा गरिएको चलचित्रले घिमिरेको संघर्षले धेरै मानिसलाई प्रेरणा दिने उद्देश्य राखेको निर्देशक विष्टले बताए ।

चलचित्रमा घिमिरेको बाल्यकालको भूमिकामा अवस्था थापा, युवावस्थामा रोजिता बुद्धाचार्य र बहिनीको भूमिकामा सारिका घिमिरे, पिताका भूमिकामा किशन सुनार र मातामा उमा गिरी हुन् । अन्य कलाकारमा स्वीकृति शर्मा, टीका सुवेदीलगायत ३० भन्दा बढी छन् । यसअघि निर्देशक विष्टले 'प्रेम प्रतीक्षा', 'रणसंग्राम' र 'म कसरी भनूँ' जस्ता चलचित्र निर्माण-निर्देशन गरेका छन् । शारीरिक तथा मानसिकरूपमा अशक्त मानिसले पनि



सामाजिक विकासमा योगदान गर्न सक्छन् र उनीहरूलाई समाजले अवहेलना गर्नुहुँदैन भन्ने सन्देश दिनका लागि चलचित्रले दर्शकलाई प्रभाव पार्ने विश्वास गरिएको छ । शारीरिक रूपमा असामान्य मानिसको घरका सदस्यलाई पर्ने असजिला पक्ष तथा ती सदस्यले राम्रो गर्दागर्दै पनि पीडितलाई हुन जाने मनोविज्ञान व्यावहारिकरूपमा समेटिएको चलचित्रको लागत करिब रू. ८० लाख छ ।

वि.सं. २०३७ असार २१ धनकुटाको कचिंडेमा बुबा कृष्णबहादुर र आमा आशादेवीकी छोरीका रूपमा जन्मिएकी घिमिरेले रचना गरेको 'संकल्प', 'आफ्नै चिता अग्निशिखातिर', 'मान्छेभित्रका योद्धाहरु', 'झमक घिमिरेका कविताहरु' र 'क्वाँटी' कवितासङ्ग्रह छन् । उनले प्राप्त गरेका पुरस्कारमा राम बाल साहित्य प्रतिभा पुरस्कार २०५५, अस्वीकृत विचार साहित्य पुरस्कार २०५६, मदन पुरस्कार २०६७ र लैनसिंह वाङ्देल पुरस्कार २०७२ छन् । मस्तिष्क पक्षाघातले गर्दा हातगोडा लुलो भएकी उनले कुनै पाठशाला र गुरूबाट औपचारिक शिक्षा लिएकी छैनन् र गोडाको बूढीऔंलाले कखरा सिक्दै प्राप्त गरेको सफलता सबैका लागि प्रेरणादायी बनेको छ ।